जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक २६, २०७९ साल पुस ८ गते शुक्रबार, नेपाल संवत् ११४३ (Dec. 23, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## बीपी प्रतिष्ठानमा प्रा.डा.शर्मा



काठमाडौं । बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको रिक्त रहेको शिक्षाध्यक्ष (रेक्टर) पदमा प्रा.डा. सञ्जिवकुमार शर्मा नियुक्त भएका छन् । उनलाई स्वास्थ्यमन्त्री तथा प्रतिष्ठानका सहकुलपति भवानी खापुङ्ले नियुक्त गरेका हुन् ।

प्रतिष्ठानको पूर्व मेडिसिन विभाग प्रमुख तथ मिर्गौला तथा मुटुरोग विशेषज्ञ रहेका शर्माले बिहिबार कार्यभार सम्हालेका छन् । उनलाई प्रतिष्ठानका बाँकी ८ पेजमा

## इम्बोस्ड नम्बर जडान गर्न विभागको निर्देशन

काठमाडौं । यातायात व्यवस्था विभागले फागुन मसान्तसम्ममा इम्बोस्ड नम्बर जडान गर्न सरकारी सवारी साधनलाई निर्देशन दिएको छ । आगामी चैत महिनाबाट इम्बोस्ड नम्बर जडान नगेरका सरकारी सवारी साधन सडकमा देखिएमा ती गाडीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अनुसार रु दुई हजार जरिवाना गरिने विभागले जनाएको छ ।

सरकारी गाडीहरूले १० वर्षसम्म पनि कर नतिरेपछि इम्बोस्ड नम्बर जडान गर्न निर्देशन दिइएको विभागका बाँकी ८ पेजमा

# देउवा, ओली र प्रचण्ड : “प्रधानमन्त्रीकप” मा भिडन्त

काठमाडौं । नेपालमा मंसिर ४ गते संघीय संसद र प्रदेशसभा सदस्यका लागि आमनिर्वाचन हुँदै गर्दा कतारमा फुटबलको विश्वयुद्ध वर्ल्डकप सुरु भएको थियो । एक महिनासम्म चलेको फुटबलको विश्वमहासंग्राम पुस ३ गते मध्यराती दक्षिण अमेरिकी मुलुक अर्जेन्टिनाले विश्वकप ट्रफी चुमेसँगै अन्त्य भएको थियो । ३६ वर्षपछि सर्वकालीन महान फुटबलर लियोनल मेसीको कप्तानीमा अझ उनकै अथक प्रयासमा अर्जेन्टिना विश्व च्याम्पियन बन्न पुग्यो । गत मंगलबार अर्जेन्टिनाको राजधानी बोनस आयरसमा अर्जेन्टिनीहरूले जितको खुसियाली मनाएको दृश्यलाई विश्वभरिका समाचार संस्थाहरूले प्रमुख समाचारका रुपमा सर्भेक्षण गरे । आर्थिक मन्दीमा जुधिरहेको अर्जेन्टिनामा फुटबल जितले खुसी मात्रै दिएन, राष्ट्रिय एकताको पक्षमा समेत भिन्न विचारका अर्जेन्टिनीहरूलाई एकताबद्ध बनाएको छ ।

नेपालमा निर्वाचन सकिएर सबै परिणाम सार्वजनिक हुँदा नेपाली जनता खुसी हुन सकेनन् । निर्वाचनले नेपाली राजनीतिको परिदृश्यलाई परिवर्तन गर्न सकेन । निर्वाचन एक भव्य उत्सव बन्न सकेन । बरु मतदान नै नगर्ने मत प्रतिशत पो बढ्यो । परिणाम त्यही आयो जुन स्वाभाविक आँकलन गरिएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति र जनमत पार्टी नयाँ राष्ट्रिय दलका रुपमा संसदमा प्रवेश गरेका छन् । अधिकांश मतदाताले पुरानै सनातनी दलहरू कांग्रेस, एमाले र माओवादी केन्द्रकै पक्षमा मतदान गरेको देखियो । नेपाली राजनीतिका सदावहार महारथीहरू देउवा, ओली र प्रचण्डलाई हराएर नेपाली मतदाताले ह्याट्रिक गर्नेछन् भन्ने अपेक्षाले मूर्तता लिन सकेन । मतदाताले यतिसम्म खबरदारी चाहिँ गरे कि ‘कांग्रेस, एमाले, माओवादी सच्चिन खोज, नत्र हामीले नयाँ पार्टीहरूका विकल्प रोज्न सुरु गऱ्यौं, यसपटक कास्टिङ देखाएका छौं, अर्को पटक पूरै दृश्य फेरिदिने छौं ।’

वर्ल्डकप सकियो र त्यसको चर्चा परिचर्चा पनि विस्तारै कम भइरहँदा



नेपालमा भने प्रधानमन्त्रीकपको दौड चलिरहेको छ । सबै राजनीतिक दलहरूले संसदीय दलको नेता चुनिसकेका छन् । कुनै पनि ठूला राजनीतिक दलमा नयाँ अनुहार संसदीय दलको नेता बन्न नसक्नुले पुस्तान्तरण, नेतृत्व हस्तान्तरण चाहनेहरूको अभिष्टता पूरा हुन सकेन । कम्युनिस्ट पार्टीहरूभित्र त संसदीय दलका निम्ति प्रतिस्पर्धा समेत भएन । सर्वसम्मतिका नाममा ‘बूढा नेता’ हरू नै लियोनन मेसी बने ।

नेपाली कांग्रेसभित्र भने सुन्दर लोकतान्त्रिक अभ्यास भयो । प्रधानमन्त्री एवं पार्टी सभापति देउवालाई संसदीय दलको नेतामा हराउन महामन्त्री गगन थापाले एम्बाप्पे बन्ने प्रयास त गरे तर उनलाई कांग्रेसकै युवा पंक्तिले प्रधानमन्त्री बनेको देख्न चाहेनन् । पेनाल्टी सुटआउटमा फ्रान्सका दुईजना खेलाडी चुक्दा लियोनल मेसी फुटबल संसारका महानायक बन्न पुगे । ह्याट्रिक गरेका एम्बाप्पेले ‘ट्रफी’ हेरेरै चित्त बुझाउनुपऱ्यो । त्यस्तै भयो गगनको हकमा पनि ।

आखिर कांग्रेस संसदीय दलका नेतामा देउवाले नै जित निकाले । त्यसो त कांग्रेसभित्रको गणितीय हिसाबकिताबमा पनि गगन ‘च्याम्पियन’ बन्न सक्ने आधारहरू कमजोर नै थिए । टिकट वितरण र समानुपातिक सूची तयारमै देउवाले आफूलाई बलियो बनाइसकेका थिए । त्यसैले उनको जित अवश्यम्भावी थियो नै र पनि गगनले जसरी नेतृत्वमा सशक्त हस्तक्षेप गर्न खोजे, त्यसको भने सर्वत्र तारिफ भएकै छ । अब देउवालाई प्रधानमन्त्रीकप जित्ने मार्ग प्रशस्त भएको छ । अर्कोतर्फ गगनको उदयले नयाँ पुस्ताको युगको आरम्भ गरेको छ । जसरी मेसीपछि एमबाप्पे युगको सुरु भएको कतार विश्वकपले सन्देश प्रवाह गरेको छ ।

निर्वाचनकै बेला गगनले आफूलाई भावी प्रधानमन्त्रीका रुपमा उभ्याउँदै मतदातालाई आकर्षित गर्ने प्रयास गरेका थिए । काठमाडौं निर्वाचन क्षेत्र नं. ४ का मतदाताले पनि गगनलाई कार्यकारी प्रमुखको रुपमा देख्न चाहे । तर प्रधानमन्त्री हुन संसदीय दलको वैतरणी तर्नैपर्छ भन्ने हेक्का न गगनले राखे न मतदाताले । प्रधानमन्त्रीको दाबी गगनको चुनावी स्टेन्ट मात्रै अहिले सावित भएको छ । अब कांग्रेसबाट प्रधानमन्त्री बन्ने अवसर देउवाले मात्र पाएका छन् । संसदीय दलको नेता नभई प्रधानमन्त्री बन्न नपाउने संवैधानिक प्रावधान छ । एमालेबाट केपी ओली र माओवादी केन्द्रबाट प्रचण्ड सर्वसम्मत संसदीय दलका नेता चुनिसकेका छन् । प्रारम्भ भएको छ प्रधानमन्त्रीकपको दौड ।

संसदभित्र सबभन्दा ठूलो दल भएका नाताले नेपाली कांग्रेसले प्रधानमन्त्रीमा दाबी गर्नु स्वाभाविक हो । तर प्रचण्डले जसरी देउवालाई प्रधानमन्त्री बनाउन सहयोग गरेका थिए, ओलीलाई हटाएर त्यसको भर्पाई उनी अहिले खोज्दैछन् । निर्वाचनताका नै प्रचण्ड र देउवाले अढाई/अढाई वर्ष सरकारको नेतृत्व गर्ने मौखिक सहमति गरेको खुलासा भइरहेको छ । देउवाले अहिले यसमा कुनै विमति नराखेको कांग्रेस सम्बद्ध सूत्र बताउँछ । तर बाँकी ८ पेजमा

## भ्रष्टाचार मुद्दामा निर्वाचन आयोग

काठमाडौं । गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको दाबीसहित निर्वाचन आयोगका पदाधिकारीविरुद्ध बुधबार अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी दर्ता भएको छ ।

उजुरीमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया, आयुक्तहरू ईश्वरीप्रसाद पौड्याल, रामप्रसाद भण्डारी, जानकीकुमारी तुलाधर, सगुनशमशेर जबरा, सचिव गोकर्णमणि दवाडी, उपसचिव मुकुन्दकेशरी पोखेल, लेखाअधिकृत विष्णुप्रसाद न्यौपाने, जिन्सी शाखाका विश्वराज दहालले भ्रष्टाचार गरेको दाबी गरिएको छ ।

अख्तियारमा भ्रष्टाचारको उजुरी दर्ता गरिएको हो । ‘एन्टी करप्सन न्युज’ कम्पनीका अध्यक्ष विश्वनीति प्रकाशमान सिंह पाख्रिनले निर्वाचन प्रयोजनका लागि खरिद गरिएका सामग्रीमा करोडौं भ्रष्टाचार गरेको आरोप लगाउँदै उनीहरूविरुद्ध उजुरी दर्ता गरेका हुन् । निवेदकले इन्धन खर्च, सवारीसाधन खर्च बाँकी ८ पेजमा

## ११ अर्ब १६ करोडको विद्युत निर्यात

काठमाडौं । ११ अर्ब १६ करोड ३० लाख रुपैयाँको विद्युत भारततर्फ निर्यात भएको छ । देश भित्र खपत गरी अतिरिक्त भएको एक अर्ब ३५ करोड ७७ लाख ५७ हजार युनिट विद्युत नेपाल विद्युत प्राधिकरणले निर्यात गरी ११ अर्ब १६ करोड ३० लाख रुपैयाँ आर्जन गरेको छ ।

प्राधिकरणले देशभित्रखपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत १९ जेठ २०७९बाट इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धा मार्फत बिक्री सुरु गरेको थियो । भारतसँगको विद्युत व्यापार भारतीय रुपैयाँ (भारु)मा हुने भएकोले यस अवधिमा विद्युत बिक्रीबाट ६ अर्ब ९७ करोड ६९ लाख भारु नेपाल भित्रिएको छ । सुरुमा दुईवटा जलविद्युत केन्द्रहरूबाट उत्पादित ३९ मेगावाट विद्युतलाई स्रोत मानी दैनिक रुपमा आइएक्समा बाँकी ८ पेजमा

## भारतीय ज्यादती : सरकार मूकदर्शक

काठमाडौं । भारत र नेपालको सीमा क्षेत्रमा पर्ने धनगढी उपमहानगरपालिका- ९ जुगेडामा गोली चलेको छ । दुई वर्षअघि तस्कर समूहले दुई प्रहरीको वीभत्स हत्या गरेर मोहना नदीको बीचमा गाडेको जुगेडोको सीमा क्षेत्रमा मंगलबार बिहान ३ बजेतिर गोली चलेको हो । गोलीको खोका मिलेको भए पनि कसले कसमाथि गोली प्रहार गरेको भनेर खुल्न नसकेको प्रहरीले बताएको छ ।

दुई देशका तस्कर गिरोहले यस क्षेत्रबाट नियमित तस्करी गर्ने गरेको स्थानीय बताउँछन् । सीमा क्षेत्रमा बन्दुक पड्केको अवाज सुनिएको बाँकी ८ पेजमा

## लामिछानेलाई शपथ लिन नरोकिने

काठमाडौं । सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्धको रिट निवेदनमा बुधबार कारण देखाऊ आदेश जारी गरेको छ । कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा, प्रकाशमान सिंह राउतको संवैधानिक इजलासले लामिछानेको सांसद र सभापति पद खारेज गर्न अस्वीकार गरेको हो ।
बाँकी ८ पेजमा

## छुट्ने भए शोभराज



काठमाडौं । ‘सिरियल किलर’का रूपमा विख्यात चार्ल्स शोभराजलाई सर्वोच्च अदालतले ‘जेलमुक्त’ गर्न आदेश दिएको छ । न्यायाधीशद्वय सपना प्रधान मल्ल र तिलप्रसाद श्रेष्ठको इजलासले शोभराजलाई जेलमुक्त गर्न आदेश जारी गरेको हो । शोभराजका तर्फबाट दायर बन्दी प्रत्यक्षीकरण रिट सुनुवाइ गर्दै सर्वोच्चले ‘निरन्तर बाँकी ८ पेजमा

## “फास्ट ट्र्याक” लाई सर्वोच्चले रोक्यो



काठमाडौं । तराई-मधेस द्रुतमार्गअन्तर्गत छैटौं प्याकेजको ठेक्का विवादबारे सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेका वेला सेनाले विवादित कम्पनीसँग ठेक्का सम्झौता गर्न लागेकोमा सर्वोच्चले त्यसविरुद्ध अन्तरिम आदेश दिएको छ ।

नेपाली सेनाले चिनियाँ ठेकेदार कम्पनीलाई २६ मंसिरमा चिठी पठाएर १५ दिनभित्र ठेक्का सम्झौताका लागि जंगी अड्डामा उपस्थित हुन भनेको थियो ।

मुद्दाको किनारा नलाग्दै सेनाले ठेक्का सम्झौता गर्न बोलाउनु अनुपयुक्त भएको भन्दै उक्त कदम रोक्न माग गर्दै मंगलबार परेको रिटमा सर्वोच्चले बुधबार विचाराधीन रहेको अवस्थामा ठेक्का सम्झौता नगर्न सेनाका नाममा अन्तरिम आदेश जारी गरेको छ ।

सर्वोच्चका न्यायाधीश टंकबहादुर मोक्तानको इजलासले मुद्दा विचाराधीन रहेको अवस्थामा सुविधा र सन्तुलनका हिसाबले ठेक्का सम्झौता गर्नु उपयुक्त नहुने ठहर गरेको हो ।

कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की र न्यायाधीश पुष्पलता माथेमाको इजलासले २० मंसिरमा गरेको सुनुवाइपछि २६ मंसिरमा ठेक्काका सक्कल दस्ताबेज पेस गर्न आदेश दिएको थियो । सेनाले २६ मंसिरमा नै चिनियाँ फर्स्ट हाइवे इन्जिनियरिङ कम्पनी लिमिटेडलाई चिठी लेखेर १५ दिनभित्र ठेक्का सम्झौताका लागि जंगी अड्डामा बोलाएको थियो । सेनाको निर्णयविरुद्ध भारतीय कम्पनी एफ्कोन्स इन्फ्रास्ट्रक्चर कम्पनीका तर्फबाट ५ पुसमा मुद्दा दायर भएको थियो ।

यसअघि आयोजना प्रमुख प्राविधिक सहायकरथी कमलविक्रम शाहद्वारा हस्ताक्षरित चलानी नम्बर १५८५३ रहेको चिठीमा चिनियाँ कम्पनीलाई १५ दिनभित्र ठेक्का सम्झौता गर्न बोलाइएको थियो । चिनियाँ कम्पनीले प्रस्ताव गरेको १८ अर्ब आठ करोड ६ लाख २७ हजार ९७५ रुपैयाँमा फास्ट ट्र्याकको छैटौं प्याकेज निर्माण गर्ने प्रस्ताव गरेको छ ।

ठेक्का सम्झौताअघि सेनाले नियमअनुसार दुई अर्ब ३१ करोड सात लाख ७६ हजार आठ सय रुपैयाँ पर्फर्मेन्स सेक्युरिटीका बाँकी ८ पेजमा

## आयोगले बुझायो निर्वाचनको प्रतिवेदन

काठमाडौं । निर्वाचन आयोगले यही मंसिर ४ गते भएको सम्पन्न प्रदेशसभा सदस्य निर्वाचनको परिणामसहितको प्रतिवेदन प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६२ बमोजिम एकैसाथ सातवटै प्रदेशका प्रदेश प्रमुखसमक्ष बुझाएको छ ।

आयोगका प्रमुख निर्वाचन आयुक्त, आयुक्तहरू, सचिव र सहसचिवसहितको टोलीले सबै प्रदेशका सदरमुकामस्थित प्रदेशप्रमुखको बाँकी ८ पेजमा

## विदेश जाने विद्यार्थीलाई राष्ट्र बैंकको अंकुश

काठमाडौं । आयात घट्दा र रेमिट्यान्स बढ्दा पनि विदेशी मुद्रा सञ्चितिमा अपेक्षित सुधार हुन नसकेपछि उच्च शिक्षा हासिल गर्न विदेश जाने विद्यार्थीमार्फत नेपालबाट बाहिरिने रकम नियन्त्रण गर्न राष्ट्र बैंकले सरकारलाई आग्रह गरेको छ। विदेश पढ्न जाने विद्यार्थीमार्फत ठूलो रकम बाहिरिरहेको भन्दै राष्ट्र बाँकी ८ पेजमा

## महान मार्क्सवादी दार्शनिक र शिक्षक

सन्दर्भ १२९ औं माओ जयन्ती

■ घनश्याम ओली

चिनियाँ समाजवादी आन्दोलनका प्रणेता माओत्सेतुङको १२९ औं जन्मजयन्तीको दिन हो डिसेम्बर २६ । आजभन्दा १२९ वर्षअघि सन् १८९३ डिसेम्बर २६ माओ जन्मिएका थिए । माओ जन्मजयन्ती भए पनि चीनमा औपचारिक रुपमा कुनै कार्यक्रम हुँदैन । चीनमा कुनै पनि व्यक्तिको जन्मोत्सव तथा मृत्यु स्मृति कार्यक्रम गराएर मनाइँदैन । यस्तो कार्यले सांस्कृतिक विचलन आउने र व्यक्तिपूजाले पार्टी र समाजलाई गलत दिशातर्फ लाने खतरा भएकाले चीनमा एक किसिमको प्रतिबन्ध नै छ । चिनियाँ कम्युनिस्ट पार्टीका कुनै नेताले आफ्नो जन्मोत्सव मनाएको थाहा भएमा अनुशासनको कारबाही हुने गर्छ ।

माओको जन्मजयन्तीमा बेइजिङको थिआन आनमन स्क्वायर क्षेत्र दक्षिण उनको शव राखिएको ‘माओ भवन’ दुईपटक खुल्ने गर्छ । अन्य समय बिहान ७ बजेदेखि ११ बजेसम्म मात्र खुल्ने यो भवन माओको जन्मजयन्ती र मृत्यु स्मृतिका दिन (सेप्टेम्बर ९) चाहिँ दोस्रो पटक पनि दिउँसो १ बजेदेखि ४ बजेसम्म खुल्ने गर्छ । हजारौं चिनियाँ पहेंलो फूल हातमा लिएर माओको शव अवलोकन गर्न लामबद्ध हुन्छन् ।

नेपालका कम्युनिस्टले कुनै बेला डिसेम्बर २६ लाई वर्षकै सबैभन्दा महत्वपूर्ण दिन मान्थे । ०३५ सालमा नेकपा माले यही दिन स्थापना भएको थियो । त्यही माले ०४७ सालमा एमाले भएको हो र पपिछ नेकपा भएर सत्तामा गयो । तर सर्वोच्च अदालतले नेकपा फुटाइदिएपछि फेरि एमाले अस्तित्वमा आएको छ ।

अर्कोतर्फ मालेका संस्थापक महासचिव सीपी मैनालीले मालेको नेतृत्व गर्दै यसलाई जीवत बनाइराखेका छन् ।



माओकै नाम लिएर नेपालमा एकथरी कम्युनिस्टहरूले दशक लामो द्वन्द्वमा मुलुकलाई धकेले । माओलाई चीन बाहिर सबैभन्दा धेरै मान्ने देशमा नेपाल पर्न सक्छ । कुनै समयमा माओकै नामबाट खोलिएका पार्टीको संख्या नौभन्दा बढी थियो । नेपाललाई माओवादीको मुलुक समेत भन्ने गरिन्थ्यो । अहिले पनि यहाँ केही पार्टी माओकै नामबाट सञ्चालित छन् ।

लामो समय चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष रहेका माओको १९७६ सेप्टेम्बर ९ मा देहान्त भयो । त्यसपछि चिनियाँ कम्युनिस्ट पार्टीले अध्यक्ष पद हटायो र महासचिवलाई सर्वाधिक शक्तिशाली बनायो । अध्यक्ष पद सदाका लागि माओलाई नै अर्पण गरियो । अहिले पनि माओलाई सम्मानसाथ ‘चेयरम्यान माओ’ भनेर सम्बोधन गरिन्छ ।

सन् १९२१ मा उनी चिनियाँ कम्युनिस्ट पार्टी स्थापना गर्नेमा सामेल भए । कम्युनिस्ट पार्टी क्योमिन्ताङबीच सहकार्य हुन सकेन । माओले हुनान किसान आन्दोलनको नेतृत्व सम्हाले । चीनमा

त्यसबेला साम्राज्यवादी हैकम कायम थियो । जनता सामन्तवादको साङ्लोमा बाँधिएका बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# प्रदूषित वातावरण सुधार्ने प्रयास

वायु प्रदूषण कम गर्न बेलाबेलामा आवाज उठे पनि त्यसका निम्ति भरपर्दो गरी काम गरेको देखिएको छैन । यहाँको हावा स्वास्थ्य मापदण्डअनुकूल नभएकोप्रति निरन्तर आवाज स्वास्थ्यविदहरूले उठ्दै आएका छन् । विश्व स्वास्थ्य संगठनले तोकिदिएको मापदण्ड भन्दा निकै खराब अवस्थामा हामी रहेका छौँ । जनस्वास्थ्यका हिसाबले वायु प्रदूषण मापक सूचकांक (एक्युआइ) शून्यदेखि ५० सम्म रहँदा स्वस्थकर मानिन्छ । ५१ देखि १०० सम्मको अवस्थालाई मध्यम तह मानिन्छ । हावाको गुणस्तर मध्यम तहमा पुग्नासाथ संवेदनशील व्यक्तिहरूले घरबाहिरका गतिविधि कम गर्नुपर्ने अवस्था रहन्छ । अहिले नै राजधानी काठमाडौँ उपत्यका र देशका अन्य कतिपय सहरको अवस्था जनस्वास्थ्यका लागि गम्भीर बनिसकेका छन् ।

वन तथा वातावरण विभागले सवारी प्रदूषण कम गर्न र खुलारूपमा फोहोर नजलाउन अत्यन्त जरूरी सूचना जारी गरेको छ । सूचनामा हिउँदको मौसममा उपत्यकालगायत देशका धेरै ठाउँमा वायु प्रदूषणको अवस्था बिग्रँदै गएको स्वीकार गरिएको छ । सरकारले सूचना जारी गरेर यति भनिदिंदा पनि स्वच्छ हावामा सास फेर्न रहर गर्ने सर्वसाधारणमाथि ठूलो उत्साह थपिएको छ । सूचनाअनुसार अब सवारीधनीले प्रदूषण जाँच गरी मापदण्ड पूरा गरेर मात्र सवारी चलाउनुपर्नेछ । वायु प्रदूषणको प्रमुख कारक धुवाँ र खुलारूपमा जलाउने फोहोर रहेको विभागले जनाएको छ ।

विभागले गाडीको धुवाँ निष्काशन स्थितिको परीक्षणलाई प्रभावकारी बनाउने दाबी गरेको छ । सवारी प्रदूषण जाँचको स्टिकर बर्सेनि परीक्षणमा जानेले मात्र लगाएको पाइन्छ । अझ कतिपयले परीक्षणसमेत नगरी स्टिकर पाएको स्थिति पनि छ । अहिलेसम्म मर्मत गरी सवारीलाई दुरूस्त राख्न दिने गरेकामा अब पुस १ देखि विभागको परीक्षणमा पास हुन नसक्ने गाडीलाई एक लाख रूपियाँसम्म जरिवाना गर्ने भनिएको छ । तर प्रदूषित हुने अवस्था के–केले सिर्जना गरेको छ भन्नेतिर पनि ध्यान पुग्नु उचित हुन्छ । यहाँ बिक्री हुने पेट्रोलियम पदार्थको गुणस्तरको अवस्था के छ ? त्यतातिर विचार गरिएको छैन ?

प्रदूषण जाँचपास गर्दा उत्तीर्ण हुन नसक्ने सवारी साधनलाई वातावरण संरक्षण ऐन–२०७६ को दफा ४१ उपदफा २ अनुसार जरिवाना हुने भनिएको छ । छड्के जाँचमा प्रदूषण जाँचपासका रूपमा हरियो वा अन्य स्टिकरको अवधि बाँकी रहेको अवस्थामा पनि अनुत्तीर्ण हुने गाडीलाई एक लाख रूपियाँसम्म जरिवाना गरिने विभागको दाबी रहेको छ । विभागले टोल छिमेकमा कसैले खुलारूपमा फोहोर जलाउने गरेको पाएमा गोप्यरूपमा जानकारी दिनसमेत आग्रह गरेको छ । सबै भन्दा पहिले जथाभावी फोहोर जलाउन हुँदैन भन्ने चेतनाको सन्देश दिन पनि विभाग तत्पर हुनुपर्छ । जरिवाना गरेर मात्र सुधार गर्न सकिन्छ भन्ने होइन । जरिवानाले सर्वसाधारणलाई सजग हुन बाध्य पार्छ । तर त्यो भन्दा अघि यस्तो काम गर्नुहुँदैन भनी व्यापक प्रचारप्रसार गर्नतिर लाग्नुपर्छ ।

अहिले प्रमुख प्रदूषकका रूपमा सवारीको धुवाँ र खुलारूपमा फोहोर जलाउने कार्यलाई लिइएको छ । राजधानी काठमाडौँको प्रमुख समस्या भनेको यहाँको कहिल्यै नटुंगिने निर्माण कार्य पनि हो । कुनै पनि सडक वा अन्य निर्माणकार्य कति समयमा सम्पन्न हुने ? त्यसको सीमा नतोकिँदा त्यसबाट निरन्तर उडिरहेको धुलोले समेत यहाँ आक्रान्त तुल्याएको छ । धुलोका कारण निरन्तर समस्यामा परेका बासिन्दा यहाँ छन् । प्रदूषणको कारण स्थानीय मात्र छैन । यो अन्तर्राष्ट्रिय गतिविधिको समेत अंग बनेको छ । त्यसैले प्रदूषण कसरी घटाउन सकिन्छ भनी रणनीति बनाउनु पनि उत्तिकै आवश्यक छ ।

विद्युतीय सवारी सञ्चालन र विस्तारै जैविक इन्धनको प्रयोग कम गर्ने उपायतिर मुलुक नगई सुख छैन । आज हाइड्रोजनबाट हवाईजहाजसमेत चलाउने गरी अनुसन्धान र अन्वेषण भइरहेका छन् । सकेसम्म कार्बन उत्सर्जन कम गर्ने प्रयास दुनियाँमा भइरहेका छन् । तर हामीले जैविक इन्धन उपभोग कम गर्नेतिर ध्यान दिएका छैनौँ । जैविक इन्धन प्रयोग गर्ने सवारीलाई समेत विद्युतीय बनाउनतिर सरकारको ध्यान पुग्नुपर्छ ।

# राजनीति तावाबाट भुंग्रोतिर



**सुरेन्द्र ढकाल**

कुनै बेला एक भोट गाईलाई एक भोट दाइलाई भन्दै कमल थापाको राप्रपा नेपालले संसदमा राम्रै संख्या हात पारेको थियो ।

हिन्दु राजतन्त्रको एजेण्डा बनाएर मागेको मतको परिणाम थियो त्यो । तर थापाले सो एजेण्डा कहिले पनि संसदमा उठाएनन् बल्की पद प्राप्ति र सत्ता लिप्सामै उनको समय बित्यो फलस्वरुप उनी अहिले आएर न घर न घाटका भए । सिद्धियो उनको राजनीति । त्यही एजेण्डा उठाएर अहिले लिंगदेन पुनः १४ सिटसहित संसदमा पुगेका छन् । उनको गति र दिशामा पनि कमल थापा प्रवृत्ति देखियो भने त कुन्नी अन्यथा यिनले साँच्चै संसदमा एजेण्डा उठाए र त्यसको सही निरुपण खोजे भने संसद रडाकोको थलो हुने निश्चित छ ।

राजा ज्ञानेन्द्रले दलहरूसँग गरेको भनेको सहमतिमा राजतन्त्र हटाउने कुरा उल्लेख थिएन अरे, दलहरूले घोकाधडी गरेर राजतन्त्र हटाएको भन्ने यदाकदा सुनिन्छ र सो गरेको भनेको सहमतीको लिखत अहिलेसम्म नेपाली जनताले देख्न र पढ्न पाएका पनि छैनन् । यही कुरा धर्मनिरपेक्षता र संघीयतामा पनि लागू हुन्छ । कसको इसारा र सक्रियतामा यी दुई बुँदाले संविधानमा प्रवेश पायो भन्ने कुरा पनि नेपाली जनतालाई पत्तो छैन ।

अर्कोतर्फ भ्रष्टाचारको विरोध गरेर संसदमा सिट हात पार्न सफल





रविको स्वतन्त्र भनिने दलले २०४७ पछि प्रधानमन्त्री र मन्त्री बनेकाहरूको सम्पत्तिको जाँच गर्ने कुरा संसदमा उठाउँछ उठाउँदैन ? भ्रष्टाचार गर्नु भनेको आमाको रगत खानु बराबर हो भन्ने लिंगदेनको दलले रविको दललाई यस कुरामा साथ दिन्छ ? कमल थापा प्रवृत्ति नै हो भने त साथ दिने कुरै आउँदैन होइन एजेण्डाको लागि लड्ने नै हो भने २०४७ पछि उदाएका दलहरूले संसदमा मुक्का खाने दिन हेर्न धेरै दिन कुर्न अब नपर्ला ।

संसदले गणतन्त्र, संघीयता, धर्मनिरपेक्षताको सवालमा यथोचित निकाश दिन सकेन भने लिंगदेन र रविको दललाई मत दिएर संसदमा पुऱ्याउने मतदाताहरूले त अवश्यै सडक तताउलान् नि । यसो भयो भने पुराना राजनीतिक दलहरूको हेडक्वार्टर ध्वस्त नहोला भन्न सकिन्न ।

हालै सम्पन्न चुनावमा पुरानै दलको बहुमत देखिएको र सबै दलको संसदीय दलको नेताको अनुहार नफेरिएको अवस्थामा अब बन्ने सरकारले कुनै त्यस्तो क्रान्तिकारी कार्य गर्ला भनेर सोच्नु मुर्खता नै हुन्छ । अनि त्यस्तो सरकारले संचालन गरेको संसदमा आफ्नो सशक्त भूमिका प्रदर्शन गर्न साँच्चै सक्लान् त रवि र लिगंदेनहरूले ? सके भने चाहिँ नेपालको राजनीति तावाबाट भुंग्रोमा पर्नेछ, देश लुटनेहरू खरानी हुने दिन आउन पनि सक्छ । अनि त्यस पछिको निकाश जनमत संग्रहबाहेक अरु कुराले दिन सक्तैन । नेपालको राजनीति तावाबाट भुंग्रोमा पर्ने छन्क देखिँदैछ ।

# कहाँ चुक्यो आज मेरो देश ?

**जयदेश श्रेष्ठ**

प्राकृतिक स्रोत र सम्पदाको धनी देश नेपाल, आज उजाड भएको छ । ऋतु परिवर्तनसँगै गर्मीले तलाउ सुक्दै जान्छ । उड्ने पन्छिहरूले बासस्थान छोडेर अन्यत्र जान्छन् । जीव जन्तु अन्तै बसाई सर्दछन् । बिचरा जलासयका जीवहरूको दुर्दशा ! आज यस्तै भएको छ हाम्रो देश । अनकन्टार जन्म थलो गाउमा बुद्ध बृद्धाहरू आफ्नै काल कुरेर बसेका छन् । कृषि प्रधान देश, आज खेत बारी प्राय बाँझो जस्तै भएका छन् । सहरका उद्योग कलकारखाना प्राय बन्द छन् । पौरखी हातहरू विदेशतिर रमाउन थालेका छन् ।

आज प्राकृतिक सम्पदालाई मासेर डोजर चलाएर जताततै सडक बाटो पुऱ्याउन खोज्यो, भूक्षय गर्दा बाटोहरू व्यवस्थित भएन । पहिले पानीको सुविधा भएको मानव योग्य ठाउँमा मात्र बस्ती बस्दथ्यो आजकाल जताततै मानव बस्ती उर्वर भूमि वनजङ्गल मासेर अप्राकृतिक बस्तीहरूमा पाइपबाट मुहानका पानी पुऱ्याउँछन् । त्यही ठूला पाइपहरूबाट घरका फोहोर पानी मल मूत्र नदीमा पुऱ्याउँछन् । त्यसैले त संरक्षणको अभावले प्रदूषण बढ्दै छन् । समयसँग विकासको नयाँ जीवनमा हामी नेपालीहरू भौतिक सुखमा रमाउन थाल्यौ ।

आज त्यस्तै भयो ! राष्ट्रवादको खोक्रो नाराले मात्र देश चल्दैन ! राष्ट्र के हो ? राष्ट्रियता के हो ? राष्ट्रिय झण्डालाई बेवास्ता गर्ने, राष्ट्रिय पोसाकमा गर्व नगर्ने उच्च नेताहरूले नेपाली स्वाभिमान गिराएको पाउँछौ । देशको कुना कन्धरामा गुन्जने राष्ट्र भक्त राष्ट्रिय गीतहरू हराएको छ ।

आफ्नो दायित्व बिर्सेर पर निर्भर भएर गुजारा चलाइरहेका छौ । देश र जनताको नियति आज हामीहरूले गौरवका गाथाहरूको पुरानो नेपाली इतिहास हराएको छ । हाम्रो नेपाली सान र गौरवहरू कहाँ पुग्यो ? हामीले बिर्सेका छैनौ, नालापानीको इतिहास, विश्वयुद्धमा विदेशी भूमिमा गोर्खाली सेनाको बहादुरी कदर ! राणा शासन विरुद्धमा देशका लागि बलिदान दिने धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, गंगालाल, दशरथ चन्द वीर सहिदहरूलाई हामीले सहिद दिवसको नाममा मात्र सम्झन बाध्य छौँ ।

देश परिवर्तनको नाममा हामीले व्यवस्था फेऱ्यौं, शासक फेऱ्यौं तर शासन पद्धति व्यक्तिको सोच फेर्न सकेनौ । देशको लागि आवाज उठायौं तर देशका लागि बलिदान त्याग गर्न सकेनौ किन ? आज विश्वका धेरै राष्ट्रहरू मध्येमा नेपाल भ्रष्टाचारको पराकाष्ठ देश, अव्यवस्थित, प्रदूषण, गरिब देश भनेर दैनिक समाचार पत्रपत्रिकमा यस्तै नराम्रा कुराहरू मात्र सुन्न र पढनु पर्छ । किन हामी बहादुर वीर गोर्खालीको देश आज निरह सपना बोकेर बाँच्नु परेको छ ! दोष कसको हो हामी कहाँ चुक्यौ ?

वैदेशिक रोजगारमा गर्व गर्ने सरकार ! विदेशी सामानहरू आयातित गरेर भन्सार शुक्लमा बजेट तर्जुमा गर्दछ । आफ्नो देशको उधोग धन्दा, कलकारखाना सबै चौपट भएर बन्द भएकोमा चिन्ता छैन । बेराजगार नागरिकहरू रोजी रोटीको लागि काम गर्ने ठाउँ छैन । व्यवसाय गरी खाने वातावरण छैन । देशको शिक्षा नीति व्यावसायिक अर्थपाजन र आत्मनिर्भर हुने सैद्धान्तिक ज्ञान छैन । स्वदेशी भाषाभन्दा पनि विदेशी भाषालाई प्राथमिकता दिएर पठनपाठनको नेपाली शिक्षाले भविष्यमा बिदेशिने मानसिकताको उपज आज देशका होनहार पढे लेखेका कर्मठ युवाहरू विदेशीतिर पलाएन भएका छन् । मध्यम वर्गीय विद्यार्थीहरू राजनीतिमा होमेर फस्टाएको नेपालको प्रमुख पेसा लगानी बिनाको राजनीति भने फलिफाप भएको छ ।

राजनीतिमा लाग्ने तिनै नेता र कार्यकर्ताहरूकै भविष्य उज्वल छ । आज देशवासीहरूले भोग्नु परेको पीडामा कसलाई सरोकार छ । सबै नेता पार्टीहरू आआफ्नै स्वार्थपूर्तिमा केन्द्रित छन् । देश व्यवस्थापन र संविधानको कार्यान्वयनभन्दा पनि आफ्नो चुनावमुखी अभियानमा जसरी हुन्छ चुनाव जित्ने तयारीमा छन् । भोलि यो देशमा तिनै नेता कार्यकर्ता र पार्टीबाट चुनाव जितेर यो देशको विकास र समुन्नतिको परिकल्पना कसरी गर्न सकिन्छ ?

नेपालको जनआन्दोलनमा विदेशी राजनीतिज्ञ सर्वेक्षकहरूले भनेका थिए । नेपालमा अझै दश वर्ष लोकतन्त्र आउन हुँदैन । जनताहरूले स्वतन्त्रता पचाउन सक्दैन । आज त्यस्तै भयो । राष्ट्रवादको खोक्रो नाराले मात्र देश चल्दैन । राष्ट्र के हो ? राष्ट्रियता के हो ? राष्ट्रिय झण्डालाई बेवास्ता गर्ने, राष्ट्रिय पोसाकमा गर्व नगर्ने उच्च नेताहरूले नेपाली स्वाभिमान गिराएको पाउँछौ । देशको कुना कन्धरामा गुन्जने राष्ट्रभक्त राष्ट्रिय गीतहरू हराएको छ । देश बनाउन भाषण र सत्तामुखी शासनले कतै देश परिवर्तन भएको छैन । शासक वर्गको निहित स्वार्थमा देशको लागि भनेर लडने अनजान बहादुर प्रहरी, सेना र देशको लागि बलिदान हुने सहिदहरूको आत्मा रोएको छ । नेपाल आमाका सपुत वीर सहिदहरूको योगदानलाई सलाम ! तिनीहरूको चिर आत्माको लागि कामना !

प्रत्येक वर्ष माघ १६ गते सहिद दिवस भनेर सहिदहरूको सम्मानमा राष्ट्रिय बिदा दिने गरिन्छ । शासक वर्गहरू सहिदको सालिकहरूमा फूलमाला चढाएर सम्मानको औपचारिकता पूरा गर्छन् । देशमा सहिदको सपना र जनताहरूको चाहना पूरा हुने कहिले ?

# मकैको च्याख्ला उत्तम कि चामल ?

**केपी लम्साल**

अहिले चामलको विकल्पमा धेरैले च्याख्ला खाने गर्छन् । के चामलको साटो मकैको च्याख्ला उपयुक्त हुन्छ ? धेरैको मनमा यो प्रश्न हुनसक्छ ।

उपलब्ध हुँदा मकैको च्याख्ला खानु पनि स्वास्थ्यको हिसाबले राम्रो हो । तर, चामल चाहिँ विष नै यो त छुनै हुन्न भन्ने पनि हैन । बजारमा पाइने पोलिस भएको चामलमा कार्बोहाइड्रेट मात्र बढी पाउने भयो । त्यसैले तरकारी दालसँग मिसाएर खाइन्छ, यसरी सागसब्जी दालसँग खाँदा चामल पनि त्यति बेफाइदाजनक हैन । चामलबाट कार्बोहाइड्रेट, सागबाट भिटामिन मिनरल्स प्राप्त हुन्छ ।

मकैको च्याख्ला पाए चाहिँ खाने, चामल खाँदै नखाने बिष नै हो भन्ने होइन । चामलमा पनि शरीरलाई शक्ति दिने कार्बोहाइड्रेट पाइन्छ । तर च्याख्लामा धेरै फाइबर हुने भएकोले र यसमा भिटामिन ए, भिटामिन सी, एन्टिअक्सिडेन्ट पाइने भएकोले च्याख्ला खानु राम्रो हो ।

चामल चटक्कै छाडेर च्याख्ला खाँदा शरीरलाई सिधै असर त गर्दैन । तर, मकैमा कतिपय अमिनो एसिडहरूको अभाव हुन्छ । हाम्रो शरीरलाई चाहिने 'अलैलिन' र 'ट्रिप्टोफान' लगायतका अमिनो एसिड पाइँदैन । त्यसैले मकैको च्याख्लाले मात्र पोषण पुरा गर्दैन, हरियो सागपात, दाल, गेडागुडीसँग मिलाएर खानुपर्छ । जसरी हामी चामलको भात खाँदा जसरी दाल तरकारीसँग खान्छौ त्यसरी खाँदा कुनै असर पर्दैन ।

धानलाई ढिकीमा कुटेर त्यसको भुस मात्र निकालेको चामलमा पनि धेरै पोषक तत्त्व पाइन्छ । विभिन्न भिटामिन मिनरल्स पनि त्यसमा पाइन्छ । तर , बजारमा पाइने चामल पोलिस गरेको भुस र ढुटो निकालेको हुन्छ । जसले गर्दा चामलमा स्टार्च मात्र हुन्छ । बजारमा पाइने चामलसँग तुलना गर्दा च्याख्लामा धेरै पोषक तत्त्व पाइन्छ । च्याख्लामा भिटामिन सी, डी, इ, लगायतका भिटामिनहरू पाइन्छ । मकैको बोक्रासहित बनाइने भएकोले यसमा प्रशस्त फाइबर पनि हुन्छ ।

च्याख्लामा प्रशस्त मात्रामा फाइबर हुने भएकोले पाचन प्रणालीलाई राम्रो बनाउँछ र पेट सफा रहन्छ । यसमा विभिन्न भिटामिन मिनरल्स पनि पाइने भएकोले यसले शरीरलाई चाहिने पोषण पनि दिन्छ । मकैको मुख्य समस्या भनेको 'माइकोटोसिन'ढुसीले निकाल्ने विषाक्त रसायन हुन्छ, जुन शरीरको लागि घातक हो । नेपाल जस्तो भण्डारण गर्ने राम्रो व्यवस्था नभएको ठाउँमा त्यो ढुसी उत्पन्न हुने सम्भावना हुन्छ । त्यस्तो ढुसी आएपछि गाईबस्तुलाई खुवाउने चलन हुन्छ । गाईबस्तुलाई खुवाउँदा पनि त्यो दूध मार्फत आउँछ । त्यसैले राम्ररी भण्डारण गरिएन वा राम्ररी प्याक गरिएन भने यो ढुसीको समस्या हुन्छ । नत्र मकैमा मिसावट र विषादी हुने भय हुँदैन ।

मकैको ढिँडो र च्याख्लाबाट लगभग उस्तै पोषक तत्त्व प्राप्त हुन्छ । बोक्रा नफाली पिठो च्याख्ला बनाएको छ भने दुवैमा उस्तै पोषक तत्त्व पाइन्छ । तर, पिठो बनाउँदा बोक्रा फालिने भएको पोषक तत्त्वमा फरक पर्छ । मकैमा पाइने फाइबर र केहि भिटामिनहरू पनि घट्छ । ढिँडो खाए पनि च्याख्ला खाए पनि बोक्रा नफालिएको खानु पर्यो । बोक्रा फालेर बनाइएको पिठोको ढिँडोमा पोषक तत्त्व कम हुने भएकोले मकैको बोक्रा नफालिएको च्याख्ला खानु नै उपयुक्त हुन्छ ।

मधुमेह छ भने चामल तुरुन्तै छोडेर च्याख्ला , रोटी जति खाए पनि हुन्छ भन्ने जुन भ्रम छ त्यो गलत हो । रगतमा सुगर बढ्ने भनेको खानाबाट आउने कार्बोहाइड्रेट र इस्ट्राचबाट हो । त्यसैले ढिँडो र च्याख्लामा फाइबर हुने भएकोले चामलको हिसाबमा केही फाइदाजनक हुन सक्छ ।

मधुमेहको हकमा 'ग्लाइसेमिक इंडेक्स' खानेकुरामा भएको चिनीजन्य पदार्थले रगतमा चिनीको मात्र कसरी बढाउँछ भन्ने हो । 'ग्लाइसेमिक इंडेक्स' कम भएको खानेकुरा मधुमेहको लागि राम्रो मानिन्छ । मकैमा चामलको भन्दा बढी 'ग्लाइसेमिक इंडेक्स' हुन्छ । यो च्याख्लामा ९३ देखी ९८ प्रतिशत हुन्छ भने चामलमा ७३ देखी ८० प्रतिशत हुन्छ । यो हिसाबले चामलले भन्दा च्याख्लाले मधुमेह बढाउने भयो ।

फाइबरको हिसाबले हेर्दा भने च्याख्लामा बढी हुन्छ त्यसैले उपलब्ध छ भने च्याख्ला खाँदा पनि हुन्छ । कति मात्रामा खाने त्यो बढी महत्वपूर्ण हुन्छ । प्रशस्त फाइबर भएकोले मोटोपना नियन्त्रण गर्न भने च्याख्ला चामल भन्दा उपयुक्त हुन्छ । एउटै खानेकुरा सबै रोगको लागि उपयुक्त हुँदैन परिस्थिति र रोग हेरेर फरक पर्न सक्छ ।

# हाम्रो सामाजिक सक्रियता

## बालकुमारी निमाविं कपनको विकासमा सुरेन्द्र ढकाल फाउण्डेसनको सहकार्य

सुरेन्द्र ढकाल

साबिक कपन गा.वि.स वडा नं १ लाखेपोखरीमा रहेको सार्वजनिक जग्गालाई सुकुम्बासी अतिक्रमणबाट जोगाई स्थानीय बुद्धिजीवि समाज सेवी शिक्षा प्रेमी र कपन गा.वि.स को संयुक्त प्रयासमा तीनकोठे अर्धपक्की भबनबाट सुरुवात भएको यसको प्रक्रिया प्रत्येक बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गरी उज्ज्वल भविष्य निर्माणतर्फ मार्ग निर्देशन गर्ने उद्देश्यले वि.स २०५८ सालमा श्री बालकुमारी प्राविको रुपमा स्थापित भयो ।

यस भेगमा भएका गरिब ज्याला मजदुरी गरी खाने वर्ग र सर्वसाधारणका छोराछोरीहरूलाई शिक्षाको उज्यालोबाट वन्चित हुन नपरोस् भनी न्यून पारिश्रमिक रु २००० बाट एक शिक्षिका लक्ष्मी तिमल्सिना र एक परिचर राख्ने गरी गा.वि.स बाट संचालन हुदै आयो ।

वि.स २०६१-६२ मा वालविकास समाजसँग सहकार्यमार्फत संयुक्त भवन निर्माणपछि विद्यालयले गति लिएको पाइन्छ्। २०६४ सालबाट विद्यालय स्वीकृत गरी एक स्थायी, दुइ राहत र केही निजी शिक्षकले संचालन गर्दै आएको विद्यालय, १-३, ४-५ हुँदै हाल कक्षा ९ सम्म संचालन भइरहेको छ ।

यसबीच विद्यालयमा आएको उतारचढाबको बाबजुद पनि विभिन्न संघसंस्था, वडा कार्यालय, शिक्षा महाशाखा, नगरपालिका, वालविकास शाखा, CSN आदिको सहयोगले विद्यालयलाई अघि बढ्न अझ प्रेरणा थापिएको छ । हाल यस विद्यालयमा वाल विकास देखि ९ सम्म जम्मा ४१० जना विद्याथीहरू अध्ययन गर्दै आएका छन् ।

हाल विद्यालयमा ३ जना नि.मा.वि स्थायी, ३ जना प्रा.विव स्थायी, २ जना राहत, २ जना बालविकास र ५ जना निजी मानव संशाधनद्वारा संचालित छ । सोही क्रममा २०७७ बाट सुरेन्द्र ढकाल फ़ाउन्डेसनसँग सहकार्य शुरु भएको कारण यस विद्यालयमा अध्ययन गर्ने जेहेन्दार छात्रछात्राहरूको शैक्षिक सुधारमा अझ योगदान पुगेको छ । प्रतिष्ठानबाट विद्यालयमा निम्नानुसारको सहयोग रहेको छ ।

- पूर्ण छात्रवृत्ति २०७८-२५ जना
- पूर्ण छात्रवृत्ति २०७९-२७ जना
- विद्यालयमा संचालित पूर्व प्राथमिकतहका एक कुशल क्षमतावान शिक्षिका को मासिक वेतन २०७८ सालदेखि सहयोग हुंदै आएको छ ।
- ड्रेस युनिफर्म २०७८-१०० जना, २०७९-१०० जना

**भावी योजना** :

विद्यार्थीहरूको चौतर्फी विकाशको लागि शैक्षिक गुणस्तर साथ साथै खेलकुदको पनि उतिकै आवश्यक पर्ने भएकाले आगामी दिनमा खेलकुद सम्बन्धि विद्यार्थी केन्द्रित तालिम तथा सामग्रीहरू उपलब्ध गराउने तर्फ प्रतिष्ठानबाट राष्ट्रिय अन्तराष्ट्रिय सहयोग परिचालन हुने अपेक्षा गरिएको छ ।

**सुरेन्द्र ढकाल फाउन्डेसनको सहयोगपछि विद्यालयमा आएका सुधार**

- विद्यार्थीहरूको नियमित उपस्थिति
- ECD शिक्षिकाको प्रभाबले विद्यार्थी संख्या बढदै जानु
- प्रार्थना सभा आकर्षक
- विद्यार्थीको शैक्षिक गुणस्तरमा वृद्धि















कथा

# स्वतन्त्रता

राजु स्याङ्तान

उनले आफ्नो केश डल्लो पारिन्, अनि दुई लालावालाको मुखतिर पुलुक्क हेरिन्। हेराई असामान्य थियो। अनुहारमा विछिप्त कहानीहरू मडारिरहेको थियो। दुई बच्चाहरूलाई खस्रा हातले सुम्सुम्याएपछि गाडीको झ्यालबाट पर पर हेर्दै आफैसँग हराउन थालीन्। गाडीको बेगसँग सरोकार थिएन उनलाई। रोसीखोलाको नागबेलीसँग पनि कुनै मतलव थिएन उनलाई। वेगिरहेको गाडीलाई उछिन्दै एक हुल पंछीहरू तिमाल डाँडातिर सोझियो। उनका आँखाहरूले लोहोरी खेल्दै उडिरहेको पंछीको हुललाई निकै परसम्म पछ्यायो। परदेशिदै गरेका जस्ता देखिने युवाहरू बाराम्बार गाडीको बेगले छोडी आएका पदचापहरू फर्किफर्की हेर्थे। तर उनी वेपर्वाह तिमाल डाँडातिर उडिरहेको पंछीको हुललाई हेरिरहन्थीइन्।

गाडीले आफ्नो गन्तव्य (काठमाण्डौं) भेटाउन थालिसकेको थियो। म चाहिं हिजो मात्रै काठमाण्डुबाट रामेछाप जाँदै गर्दाको यात्रा सम्झन पुगेछु। अघिल्लो दिन हामी केही साहित्यकार, पत्रकार साथीहरू काठमाण्डुको व्यस्त जीवनको भारी बिसाउने र साहित्यको विषय खोज्न भनेर रामेछापको बेथानका लागि निस्किएका थियौं। स्वास्थले साथ नदिए पनि साथीहरूसँग जाने बाचा गरेको थिएँ मैले। यात्रामा सहभागी थियौं स्तम्भकार दिलरत्न मानन्धर, पत्रकार तथा समिक्षक जि.यम. शर्मा, त्यसै गरी क्यामेरा पर्सन तथा युवा कवि थिए मंजिल शाह र एउटा म भएँ, टुटेफुटेको कविता लेखि टोपल्ने कल्पित यात्री।

काभ्रे रोशी खोलाको तिरैतिर, तिमाल डाँडाको मनोरम शृङखलाहरू छिचोल्दै नार्के, मंगलटार, नेपालथोक हुँदै लुभुघाटमा पुगेर हाम्रो पहिलो दिनको यााात्रा टुङ्गियो। त्यहाँ पुग्दा साँझको ९ बजिसकेको थियो। हामी सबै जना थाकेका थियौं। लुभुघाटमा खाना बस्नका लागि राम्रो बन्दोबस्त रहेनछ। काठमाण्डुको धुलो टकटक्याउँदै थियौं। एक्कासि बाटोभन्दा माथिल्लो पट्टी जोड जोडले चिच्याएको आवाज काममा ठोकिन आई पुग्यो। बच्चाहरू चिल्लिविल्ली गर्दै रोएको सुनियो। एउटा पुरुष आवाज लुभुघाट थर्किने गरी गर्जिन थाल्यो। राँडी, खै भात ? तेरो काम भात पकाउँने होइन ? मैले रक्सी खाएँ त मेरो बाउको सम्पति खाएँ। तास खेलें त मेरो बाउँको सम्पति खेलें। तेरो बाउको केही नास् भो ? भन् ए राँडी भन्। हलो जोत्दा सुतेको गोरुलाई चुटेको जस्तै आवाज आयो। जोड जोडले रोइरहेको नारी आवाज बन्द भयो। बच्चाहरू आमा ! आमा ! भन्दै रुन कराउँन थाले। केही बेर पछि नारी आवाज सुनिन थाल्यो। रुवाइ मिसिएको नारी आवाजमा सहाराको खोजी सुनिन्थ्यो। किन संसारमा जन्म दियौ आमा मलाई ? रात दिन यस्तो अन्याय अत्याचार सहेर बस्नुभन्दा त बरु शहरमा गइ बेश्या बनेर बस्छु। नारी आवाज झन जोड जोडले सुनिन थाल्यो।

लुभुघाट भने मस्त निदाइरहेको थियो। के रे ? जा अहिले नै जा ? मेरो घरमा एक छिन नबस्। फेरि सुरु भयो कुटाई। नारी आवाज चित्कारमा परिणत भयो। उनी भन्दै थिई गुहार गुहार, मलाई मार्यो मार्यो, मलाई बजाऊ। हामी जर्याक जुरुक उठेर झुपडीको नजिकै गयौं। आगनमा दुई वटा बच्चाहरू रोइरहेका थिए। एक जना कुनै निर्जीव बस्तुलाई कुटे झैं एकोहोरो कुटिरहेको थियो। आगनमा लडिरहेको मान्छे उठ्न खोज्थ्यो। पिट्नेले एकसूरले पिट्थ्यो। हामी के गरौं गरौं भयौं। पिटिरहेको मान्छे लौरो फालेर घर भित्र पस्यो। लडिरहेको मान्छे उठेर भाग्न खोज्दै थियो। भित्र गएको मान्छेले अँध्यारोमा टिलिक्क टल्किने कुनै हतियार लिएर आयो र लर्खराउदै उठ्न खोजेको मान्छेतिर झम्टेर गयो। ऊ उठेर भाग्न खोज्दै थियो। त्यति नै बेला हामीले छापामार शैलीमा उसलाई च्याप्पै समायौं। ऊ आत्तियो, डरायो। भाग्न खोज्यो। के गर्न लाग्नुभएको यो ? तपाईलाई कारवाही हुन्छ अब। ऊ झन आत्तियो। कसो कसो ऊ हाम्रो हातबाट फुत्किएर अँध्यारोमा विलायो। यो अलाच्छिनी आए देखि घरमा सुःख छैन। परारसाल ससुरा खाई। पोरसाल दुहुना भैंसी खाई। अब यसपाली पोइ खान्छे यसले। घरभित्रबाट एउटा कर्कस् बृद्धा आवाज खोकी मिसिएर आयो। आगनमा लडिरहेको महिलाले कसिलो गरी बच्चाबच्चिलाई काखीमा च्यापिन्। अनि धरधरी रोइन्। हामी चार जना अकमक्क भयौं। तपाईहरूलाई धेरै धेरै धन्यवाद छ, मेरो ज्यान बचाइदिनु भएकोमा। तर तपाईहरू को हो ? हामीले हाम्रो परिचय दियौं। उनले हामीलाई दलानमा बस्न गुन्द्री ओछ्याइ दिइन्। हाम्रो अगाडि बिकल्प थोरै थिए। हामीले रात त्यही बस्ने निधो गर्यौं। महिलाले हुन्न भनिनन्।

हामी घर भित्र पस्यौं। अँध्यारो गुफा जस्तो घर। धुवाको मुस्लोले घर पुरै छोपिएको। कुनामा बुढीआमा सुतिरहेकी थिइन्। घरमा को आयो ? को गयो ? केही मतलव थिएन उनलाई। महिलाले हाम्रा लागि खाने कुराको जोहो गर्न लागिन्। चार वर्ष अगाडि बिहे गरेर भित्रिएँ यस घरमा, यी दुईवटा छोरीहरू छन्, श्रीमान भनाउँदा जहिल्यै तास खेल्छ। थाल बटुका समेत बेचेर रक्सी खान्छ। बेलुकी आएर नकुटेको दिन छैन। लोग्ने भनाउदाले कुटेरै एक वर्ष अगाडि देब्रे हात भाँचियो। छाती सारै दुख्छ। के गर्नु भाइ आफ्नो त भाग्य नै खोटो रहेछ। उनी पिलपिल आँशु झार्दै ब्यथा पोख्न थालिन्। हामी शहरिया बटुवालाई बास दिने महिलाको बिलौना सारै नरमाइलो लाग्न थाल्यो। भाइ शहरमा केही जागिर पाइन्छ होला नि है ? उनले पटक पटक बिना प्रसंग यही कुरा दोहोर्याइरहिन्। अनि दिदी तपाई हेर्दा पढे लेखेकै जस्ती देखिनुहुन्छ, किन बिहे गर्नु भा यस्तो घरमा ? दिलरत्न मानन्धरले जिज्ञासा राखे। छ भाइ जीवनको छुट्टै कथा। उनले अरु कुरा गर्न चाहिनन्। हामीले दुःख सुःख खाना खायौं। कोही टुकी बालेर यात्रा संस्मरण लेख्न थाले। कोही कथा तयार गर्छु भन्दै महिलालाई नाना थरि प्रश्नहरू सोध्न थाले। उनी प्रश्नकर्ता प्रति खासै ध्यान नदिई आफ्नो छोरीहरूलाई सुम्मुम्याउँदै आँशु झार्थिन्। साथीहरू चाहिं कोही फोटो खिच्थे, कोही चाहिं एकसुरले घोप्टो परेर लेखिरहेको थियो। मलाई भने दिउँसैबाट अलि सञ्चो नहोला जस्तो भइरहेको थियो। सब कुरा हेर्दा हेर्दै निदाएछु।

बिहान झल्याँस्स ब्यूँझँदा कवि साथीहरू ठाउँको ठाउँ मै घुर्देरहेछन्। बच्चाहरूको नाकमा झिंगाहरू तछाड मछाड गरिरहेको रहेछ। कुनामा बुढीआमा गनगन गर्दै थिइन्। महिला घर धन्दामा लागिसकेकी थिइन्। मेरो स्वास्थ निकै नै नाजुक भएको महसुस गरें। म सुतेको ठाउँबाट उठेर भित्तामा अडेस् लाएर बसें। अगाडिको मुल खाँबोमा एउटा सानो फ्रेममा फोटो देखें। नियालेर हेरें। त्यो फ्रेम भित्र एउटी कम्ब्याड लगाएकी महिला छापामारको फोटो रहेछ। नजिकै गएर हेरें। त्यो फोटो तिनै महिलाको रहेछ। कालो ध्वाँसोले निलेको फोटोमा उनी यस.यल.आर. बोकेर मुस्कुराइरहेकी थिइन्। कम्बरमा ग्रिनेट थियो। कुम देखि छाती हुँदै कम्बरसम्म गोलीको माला कुनै तिलहरि जडित पोते लहरिए जस्तै देखिन्थ्यो। चिटिक्क मिलेको जिउडाल, मुस्कुराइरहेको चम्किलो अनुहार, शिरमा सिन्दुरको डोभ छोपिने गरी बाँधिएको रातो तारा। आहा ! कस्तो राम्रो सुहाएको मुहारमा न कुनै बन्धनको धाजाहरू, न कुनै पीडाको संकेत नै। म त हेरेको हेरै भएछु। भाइ के हेर्नु भा ? खै दिनुस् त। उनले फोटो निकालेर पुछि अनि कागजले बेरिन्। 'दिदी तपाई छापामार ? मेरो स्वर आश्चर्य मिसिएर अस्वभाविक ठुलो भयो। साथीहरू जर्याक जुरुक उठे। मेरो जीवनको छुट्टै कथा यही हो भाइ। समयले कस्तो खेल खेल्दो रहेछ मान्छेको जिन्दगीमा। किन चुँडिएन पोतेको बन्धन ? किन फेरिएन एउटी छापामारको जिन्दगी ? साथीहरूले कुराको मेसो पाएछन् क्यार। कुनै ठुलो नेतालाई घेरे झैं उनलाई वरिपरि घेरेर बर्साउन थाले अनगिन्ती निर्उत्तरित प्रश्नहरू। तपाई कसरी यहाँ आइपुग्नुभयो ? तपाईले ५ लाख पाउँनु भएन ? छापामार बन्दा र आजको दिनमा के फरक पाउँनु भएको छ ? तपाईले कतिवटा लडाइँ लड्नुभयो ? के तपाईको जीवनमा गणतन्त्रले केही प्रभाव पारेन ? उनी चुपचाप आफ्नो घरधन्दामा लागिरहिन्। साथीहरू फेरि कपि, क्यामेरा, रेर्कडर निकालेर पत्रकारिताको कर्मकाण्डीय चरित्र निभाउन थाले। उनको मुहार भावसुन्य थियो। प्रश्नहरूमा कुनै दिलचस्बी थिएन। मलाई भने सञ्चो नहोला जस्तो भयो। डक्टरको सल्लाह सम्झें। म भित्रभित्रै काठमाण्डौं फर्कने मनसायमा पुगिसकेको थिएँ।

साथीहरू भन्दै थिए साहित्यको विषय नै फुरेको छैन, कोही विरामी हुने, कोहीलाई गर्लफ्रेण्डको यादले सताउने, बेकार आईएछ। साथीहरूले तितो पोखे। साथीहरूसँग सहयात्रा बिचमै टुटाउनु परेकोमा माफी माग्दै झोला बोकेर आगनमा निस्किएँ। क्यामेरा म्यान साथीले सिंगानको टाटाहरू बोकेका दुई बच्चाहरूको फोटो यङगल मिलाई मिलाई खिच्न थाले। भोलि पत्रिकामा आउँछ है तिमीहरूको फोटो। बच्चाहरूलाई चुइङगम हातमा दिदै भने। बास दिने महिलासँग बिदा माग्न उनलाई बोलाउँन थाल्यौं। कतै पनि देखिएन। यता उति हेर्यौं तर कतै पनि भेटिएन। अन्तमा उनी घर भित्रबाट बाहिर निस्किन्। हामी छक्क पर्यौं। उनी पेन्ट र रातो टिसर्ट लगाएर, दुई बालबच्चा र झोलामा लुगा फाटो बोकेर हाम्रो अगाडि ठिङ्ग उभिन आइपुगिन्। भाइहरू शहरमा म जस्तालाई केही काम त पाइन्छ होला नि है, यो नर्क जस्तो जीवनभन्दा त बरु शहरमा भाँडा माझेर भए पनि दुई बालबच्चा हुर्काउँछु। साथीहरू मुखामुख हेर्न थाले। के बोलुँ बोलुँ भयौं। आगनको डिलबाट उनी अघि लागिन्। म पछि पछि लागें। साथीहरू हामीलाई हेर्दै हाँस्दै हाँस्दै बेथानतिर सोझिए।

हामी सुनकोशी वारि नेपालथोक आएर गाडी चढ्यौं। स्वास्थको कारणले उनीसँग खासै धेरै बोल्न सकिन। उनी गाडीको झ्यालबाट पर पर हेर्न थाली। पटक पटक झोलाबाट फोटो निकालेर सुम्सुम्याउँथिन्। आमा हामी कहाँ जाने ? बच्चाहरूले धेरै पटक यो प्रश्न सोधिसकेको थियो। जागिर खान जाने छोरी, यही उत्तर हुन्थ्यो उनको। आमा, जागिर कस्तो हुन्छ ? मलाई धेरै दिनु ल ? छोरीको प्रश्न नियाउरो गरी सुन्थिन् अनि फेरि पर पर तिमाल डाँडाभन्दा पनि पर उडिरहेको चराहरूलाई हेर्थिन्। दुई छोरीहरूको टाउकोमा सुम्सुम्याउँदै पिलपिल पिलपिल आँशु झार्थिन्। भाइ म जस्तोलाई काम त पाइन्छ नि है ? आँशु पुछ्दै प्रश्न गर्थिन्। पाइन्छ नि दिदी किन नपाउँनु। म उत्तर दिन्थें। नपाए भिख मागेर भए पनि यी दुई लालाबाला हुर्काउछु पढाउँछु। छापामार बनाउछु भाइ म यिनिहरूलाई, मैले तोडेको बन्धन अपुरो भएछ। उनी दारा किट्दै मुठ्ठी कस्थिन् अनि फेरि झ्यालबाट पर पर हेर्थिन्। हामी धुलिखेल नजिकै आइपुथ्यौं। सोचें यो बेसहारा महिला दुई बालबच्चा बोकेर कहाँ जान्छे अब। तावाको माछा भुङ्गोमा भने जस्तै हुने त होइन ?

हामी बनेपा कटेर काठमाण्डुतिर सोझियौं। गाडी जति जति नजिक आउँथ्यो। मलाई उति उति धेरै पोल्थ्यो। यो काठमाण्डु, मानवता हराएको काठमाण्डु, गरिबको आँशुमा चिप्लेटी खेल्न सिपालु काठमाण्डुमा आज फेरि एउटा बेसहारा जिन्दगी थपिदैछ। फेरि सम्झें, उनले तोडी आएको बन्धन, उनले चुँडाली आएको एक लुङ् पोतेको साङ्लाभन्दा त कयौं गुना प्रगतिशील छ उनले रोजेको बाटो। हामी भक्तपुर आइपुग्यौं। उनी अलि पर नगरकोटको काख नै काख भएर उडिरहेको पंछीको हुल गहिरो गरी हेरिरहेकी थिइन्। अन्तमा आँट बटुलेर भनें। दिदी तपाई अप्ठेरो मान्नु हुन्न भने एउटा कुरा भन्छु। म अलि पर चावहिलमा आमा र श्रीमतीसँगै बस्छु। तपाई, मसँगै केही समय बस्नु। तपाईको लागि म पनि काम खोजीदिन्छु। काम भेटेपछि जानु, हुन्न ? मेरो कुरा नसकिदै उसले भनिन् भाइ, तपाईलाई धन्यवाद छ, यतिका सहयोग गर्नुभयो। अब म कसैको सहारा बिना नै उठ्न चाहान्छु। आजबाट मैले सुरु गरें नयाँ अभियान, जुन रोकिने छैन कुनै आँधी हुरीमा पनि। मैलेपछिल्लो कुराको भेउ पाइन। गाडी कोटेश्वरमा आएर रोकियो। सडकमा साँझको बाग्लै बत्तीहरू बलेको थियो। लौ त भाइ कुनै दिन समयले भेट गराए फेरि भेटौंला . . . . .। म त भावुक भइसकेछु। केही पनि बोल्न सकिन। उनी आफ्नो दुई लालाबाला बोकेर गाडीबाट ओर्लिन्। क्षण भर मै उनी काठमाण्डुको भीडमा हराइन्।

भारी मन र बिसञ्चो शरिर लिएर कोठामा आईपुगें। त्यसपछि बिरामीले तीन दिनसम्म सुतेको सुत्यै भएछु। तीन दिन पछिको विहान, जीवन साथी अनिरा तलबाट नै चिच्याउँदै आई र एउटा दैनिक पत्रिका देखाउँदै भनी यो सब के हो ? पत्रिका हेरें। ठुलो झड्का लाग्यो। ओछ्यानबाट जुरुक्कै उठें। पत्रिकाको भित्री पेजमा ठुलो अक्षरले लेखिएको रहेछ विवाहिता, पूर्व छापामारलाई लिएर, कवि कल्पित यात्री फरार।

# नेपाल व्यवसाय शिखर सम्मेलन २०२३ आयोजना गरिने

काठमाडौं। नेपाल सरकार, बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल र नेपाल बिजनेस इन्स्टिच्युटको संयुक्त आयोजना र संघीय सरकारका विभिन्न मन्त्रालयहरूको साझेदारीतामा नेपाल व्यवसाय शिखर सम्मेलन २०२३ आयोजना हुने भएको छ।

'वर्तमान आर्थिक परिदृश्य र समृद्धिको मार्गचित्र' भन्ने मूल नारासहित सातै प्रदेशमा वृहत नीति संवाद तथा प्रदर्शनी र संघीयस्तरमा अन्तरार्ष्ट्रिय ढाँचामा आयोजना हुने शिखर सम्मेलनमा आर्थिक एवं बैंकिङ क्षेत्रमाथि केन्द्रित वृहत नीति संवाद क्रमशः आउँदो माघ मसान्तभित्र र संघीयस्तरको शिखर सम्मेलन फागुन मसान्तभित्र सम्पन्न गर्ने गरी सिबिफिन र एनबिआईवीच सम्झौता सम्पन्न भएको छ। सिबिफिनको कार्यालय सुन्धारामा आयोजित हस्ताक्षर कार्यक्रममा सिबिफिनकोतर्फबाट वरिष्ठ उपाध्यक्ष एवं प्रवक्ता भोजबहादुर शाह र एनबिआईकोतर्फबाट कार्यकारी अध्यक्ष विशाल गैरेले हस्ताक्षर गरी शिखर सम्मेलनको तयारी सुरु भएको हो।

शिखर सम्मेलनले ठुला उद्योगको संरक्षण, साना, मझौला तथा स्टार्टअप उद्यमलाई प्रोत्साहन गर्ने, लगानीका नयाँ क्षेत्रको पहिचानसहित उत्पादनमूलक, रोजगारीमूलक, निर्यातमूलक क्षेत्रमा लगानी विस्तार गर्ने, उद्यमी-व्यवसायीले भौग्दै आएका नीतिगत र व्यवहारगत समस्याहरू समाधान गर्दै थप लगानी भित्र्याउने, निर्यात प्रर्द्धन गर्ने र सो को लागि साझेदारी तथा लगानी गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा टेवा पुर्याउने उद्देश्य राखेको छ।

यस शिखर सम्मेलनबाट स्वदेशी उत्पादन वृद्धि, उपभोग तथा निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने, रोजगारीका अवसरहरूको सृजना हुने, लगानीका सम्भावित क्षेत्रहरूको पहिचानसहित लगानी विस्तार हुने, युवा तथा महिलाहरू उद्यम/व्यवसायमा आकर्षित हुने, घरेलु, साना, मझौला उद्योगहरूको स्तरोन्नतिसहित नवप्रर्वतन क्षेत्रमा लगानी बढ्ने, बैंक तथा वित्तीय क्षेत्रको दिगो प्रवर्द्धन हुने तीन तहकै सरकार, निजी क्षेत्र र कुटनीतिक नियोगविच सम्बन्ध विस्तार भइ उच्चस्तरको नेटवर्किङ् हुने अपेक्षा समेत राखिएको छ।

प्रदेशस्तरीय वृहत नीति संवाद तथा प्रदर्शनी कार्यक्रममा प्रदेश सरकारका उच्च पदस्थ अधिकारी, प्रमुख राजनीतिक दलका नेतृत्वगण, व्यवसायिक संस्थाका नेतृत्वगण, सम्पूर्ण पालिकाका प्रमुख/उपप्रमुख र विश्वविद्यालयका विद्यार्थीहरूको व्यापक सहभागिता गराइ वृहत बहसको कार्यक्रम हुने र स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्दै नेपाली उत्पादनको उपभोग र निर्यात प्रवर्द्धन गर्न सघाउ पुग्ने गरी प्रदर्शनी राखिने जनाइएको छ। त्यसैगरी समापन सत्रकोरुपमा संघीयस्तरमा आयोजना हुने शिखर सम्मेलनमा नेपाल सरकार र मातहतका निकायका उच्च अधिकारी, वरिष्ठ राजनीतिज्ञ, विज्ञ, र कुटनितिक नियोग तथा अन्तराष्टिय दातृ संस्थाका उच्च अधिकारीहरूको व्यापक सहभागितामा वृहत नीति संवाद आयोजना गरिने छ।

त्यसैगरी शिखर सम्मेलनकै अवसरमा देशभरका पत्रकारलाई लक्षित गरी "आर्थिक एवं बैंकिङ क्षेत्रका चुनौती र समृद्धिको मार्गचित्र" विषयक राष्ट्रियस्तरको लेख लेखन प्रतियोगिता संचालन गरी उत्कृष्ट २५ वटा लेखहरूलाई र्याङ्किङ्गका आधारमा नगद पुरस्कार र प्रसंशा पत्रबाट पुरस्कृत गरिने छ भने सफल उद्यमी/व्यवसायी, करदाता र बैंक तथा वित्तीय संस्थाहरूलाई समेत अर्वाडमार्फत सम्मान गरिने छ।

नीति संवाद तथा शिखर सम्मेलन समापन भएको ४५ दिनभित्रै नीति संवाद कार्यक्रमहरूबाट प्राप्त निष्कर्षहरूको संश्लेषण/विश्लेषण गरी कोभिड १९ पछिको आर्थिक एवं बैंकिङ क्षेत्रका प्रमुख चुनौती, अवसर र भावी रोडम्यापबारे भिजन डकुमेन्ट तयार गरी समाधानका लागि नेपाल सरकार र मातहतका निकायहरूसमक्ष पेश गर्ने र कार्यान्वयनका लागि संयुक्त पहल गरिने छ। सम्मेलनको चुस्त व्यवस्थापन गरी सफलतापूर्वक सम्पन्न गर्न विषयविज्ञसहित दुवै पक्षका उच्च नेतृत्व रहने गरी सम्मेलन सल्लाहकार समिति र सम्मेलन मूल आयोजक समिति गठन गरिने छ।

# स्रष्टा सम्मानित



काठमाडौं। रमेश विकलको स्मृतिमा स्थापित पुरस्कार वितरण गरिएको छ। १४औं विकल स्मृति दिवसको अवसरमा पुरस्कार वितरण गरिएको रमेश विकल साहित्य प्रतिष्ठानका महासचिव विजय चालिसेले जानकारी दिए।

साहित्य प्रतिष्ठानले यस वर्षको रमेश विकल वाङमय पुरस्कार वरिष्ठ निबन्धकार तथा संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगलाई प्रदान गरेको छ। पुरस्कारको राशि नगद ५० हजार रुपैयाँ रहेको छ। यसैगरी २० हजार रुपैयाँ राशिको सुशीला समाजसेवी पुरस्कार लामो समयदेखि पशुपति क्षेत्रमा लावारिस शवहरूको निःशुल्क सदगत गरी समाजसेवा गर्दै आएकी सपना रोका मगरलाई प्रदान गरिएको छ।

यस्तै, सिर्जना पुरस्कार वरिष्ठ समालोचक रमेश गोर्खाली, बाल साहित्य पुरस्कार बाल साहित्कार लक्ष्मी उप्रेती तथा संघर्षशील नारी सम्मान धर्मशीला चापागाईंलाई प्रदान गरिएको छ। कला-संगीत पुरस्कार वरिष्ठ कलाकार तथा निर्देशक बद्री अधिकारीलाई प्रदान गरियो। यी सबै पुरस्कारको राशि १० हजार रुपैयाँ रहेको छ।

सोही अवसरमा रमेश विकलका प्रतिनिधि कथाहरू र विकलका चार पुस्ताका कथाहरूको लोकार्पण गरिएको थियो। कार्यक्रममा प्रतिनिधिसभा सदस्य शान्ति श्रेष्ठ, साहित्यकारहरू प्राध्यापक डाक्टर हेमनाथ पौडेल, प्राध्यापक जगत उपाध्याय, आलोक चालिसे, महेन्द्र चालिसे, वसन्त रिजाललगायतले नेपाली साहित्यमा विकलको योगदानको चर्चा गर्दै प्रतिष्ठानका गतिविधिबारे जानकारी गराएका थिए।

# डा.गौतमलाई आविष्कारी आख्यानकार सम्मान




चर्चित आख्यानकार डा. ध्रुवचन्द्र गौतमलाई उनको ८०औं जन्मोत्सवको अवसरमा 'आविष्कारी आख्यानकार' को उपाधिबाट सम्मान गरिएको छ। आइतबार काठमाडौंको कमलादीमा एक समारोह आयोजना गरी 'श्री लुनकरणदास-गंगादेवी चौधरी साहित्यकला मन्दिर' तथा 'वसन्त चौधरी फाउन्डेसन'ले उनलाई सम्मान गरेको हो।

समारोहमा डा. गौतमलाई साहित्य कला मन्दिरका संस्थापक अध्यक्ष वसन्त चौधरीले उपहार अर्पण गरेका थिए। यस्तै, साहित्य कला मन्दिरकी अध्यक्ष मेघा चौधरीले अभिनन्दन गरेकी थिइन्। सो अवसरमा 'डा. ध्रुवचन्द्र गौतम : 'आविष्कारी आख्यानका दशकहरू' नामक पुस्तकसमेत लोकार्पण गरिएको थियो। यो पुस्तकको सम्पादन डा. खुमनारायण पौडेलले गरेका हुन्।

कार्यक्रममा वरिष्ठ रंगकर्मी हरिहर शर्माले सामूहिक हस्ताक्षरित बधाई डा. गौतमलाई अर्पण गरेका थिए। सो अवसरमा डा. गौतमको ८०औं जन्मोत्सव पनि मनाइएको थियो। उनलाई वसन्त चौधरीले माला तथा मेघा चौधरीले ढाकाटोपी लगाइदिएका थिए। कार्यक्रमलाई सम्बोधन गर्दै श्री लुनकरणदास गंगादेवी चौधरी साहित्य कला मन्दिरका संस्थापक अध्यक्ष वसन्त चौधरीले डा. गौतम साहित्यका नवीन र घतलाग्दा प्रयोगहरू गर्ने सर्जक रहेको बताए।

डा. गौतमका हरेक कृतिले साहित्यमा उज्याला प्रकाशहरू छरेर समग्र नेपाली साहित्यलाई नै प्रज्वलित तुल्याएको चौधरीको भनाइ थियो। हालसम्म ३२ वटा उपन्यास लेखिसकेका डा. गौतम नेपाली आख्यान जगत्का कीर्तिमानी सर्जकसमेत रहेका चौधरीको दाबी छ। डा. गौतमले सबै विधामा गरी हालसम्म ५३ वटा कृति जन्माइसकेका छन्।

# टन्सिलबाट कसरी बच्ने ?



हाम्रो मुखभित्र घाँटीमा दुईवटा ग्रन्थी हुन्छन्, जसलाई टन्सिल भनिन्छ। यसको काम कीटाणुविरुद्ध लडेर शरीरको रोगप्रतिरोधात्मक क्षमता बढाउनु हो। यी ग्रन्थीहरू आफैँ संक्रमित भएको अवस्थालाई हामी टन्सिलाइटिस वा टन्सिल भन्छौं। भाइरस र ब्याक्टेरियाका कारण यी ग्रन्थि संक्रमित हुन सक्छन्।

टन्सिल सबै उमेरका मानिसमा हुन सक्छ। यद्यपि, वयस्कको तुलनामा बच्चाहरूमा टन्सिलको जोखिम धेरै हुन्छ। ५ देखि १५ वर्ष उमेरका बच्चामा तुलनात्मक रूपमा धेरै टन्सिल हुने गरेको पाइन्छ। स्कुल जाने उमेरका बालबालिकाले आफ्ना साथीहरूसँग धेरै समय बिताउँछन्, जसकारण उनीहरू संक्रमित हुने जोखिम धेरै रहन्छ।

टन्सिलका लक्षणहरू हुन्- घाँटी दुख्ने, थुक निल्दा दुख्ने, घाँटीमा अप्ठ्यारो महसुस हुने, स्वर सुक्ने, ज्वरो आउने, जाडो हुने, काम्ने, कान दुख्ने, टाउको दुख्ने, सास गनाउने, स्वरमा परिवर्तन आउने, घुर्ने आदि

टन्सिल भएपछि थकान र कमजोरी महसुस हुन सक्ने हुँदा आराम गर्नुपर्छ। तातो पानी खाइरहनुका साथै तातो कुराहरू खानुपर्छ। भीडभाड हुने स्थलमा जान हुँदैन। धूम्रपान र मदिरा सेवन गर्नुहुँदैन। सरसफाइमा ध्यान दिनुपर्छ। धुलोधुवाँबाट बच्नुपर्छ। टन्सिल बल्झिरहन्छ भने नाक, कान, घाँटीरोग विशेषज्ञसँग उपचार गराउनुपर्छ।

घरेलु उपचार

तातो पानीमा मह मिसाएर पिउनुस्, यसले घाँटीलाई आराम दिन्छ। झोलिलो खानेकुरा खाने। चिल्लो, पिरो नखाने। तातो दूधमा एक चम्चा बेसार मिसाएर राति सुत्नुभन्दा अघि सेवन गर्ने। बेसारले टन्सिल मात्रै नभएर अन्य धेरै रोग पनि ठीक गर्न सहयोग गर्छ। एक चम्चा महमा कागतीको दुई-तीन बुँदा कागतीको रस मिलाएर दिनमा तीन-चारपटक सेवन गर्न सकिन्छ। तर, कागती र सुन्तलाजस्ता अम्लीय फल सीधै सेवन गर्दा भने अमिलो धेरै भएर समस्या निम्तिन सक्छ।

तातो पानीमा कागतीको रस र ताजा अदुवालाई मिसाएर हरेक ३० मिनेटमा कुल्ला गर्न पनि सकिन्छ। कागतीको रस, कालो मरिच र थोरै नुन मिसाएर कुल्ला गर्न पनि सकिन्छ। नुनपानीले कुल्ला गर्दा संक्रमण सुन्निन कम हुन्छ। लसुन मिसाइएको मनतातो पानीले पनि कुल्ला गर्न सकिन्छ। यसले सुन्निएको अवस्था र दुखाइबाट आराम दिन्छ। मेथी मिसाइएको मनतातो पानीले कुल्ला गर्नु पनि लाभदायक छ। मनतातो पानीमा प्याजको रस मिलाएर कुल्ला गर्दा पनि हुन्छ। त्यस्तै, तुलसीपत्ता मिसाएर पनि कुल्ला गर्न सकिन्छ।

टन्सिल भएका वेला सुक्खा र कडाखाले खाद्यपदार्थ सेवन गर्न गाह्रो पर्छ। यसलाई निल्न गाह्रो हुन्छ र गलामा दुखाइ हुन सक्छ। चिप्स, पकौडा, समोसाजस्ता जंकफुडबाट टाढै बस्नुपर्छ। यसले टन्सिलमा दुखाइ थप्न सक्छ। बासी खानेकुरा खानुहुँदैन। दही, चिसो दूध, चिसो पानी, आइसक्रिमलगायत चिसो खाद्यवस्तु नखाने। मसालेदार भोजन नगर्ने। किनकि, यसले गर्दा गला सुन्निन सक्छ र दुख्छ। गोलभेँडा सेवन नगर्ने किनकि यसमा अक्सालिक एसिडको मात्रा अधिक हुन्छ र यसले टन्सिल दुख्ने समस्या हुन सक्छ।

# भारत-चीनबीच सीमा क्षेत्रमा तनाव



**विष्णु भट्टराई**



नेपालका दुई ठूला छिमेकी देश भारत र चीनबीच सीमा क्षेत्रमा केही वर्षयता लगातार तनावको स्थिति छ। सन् २०२० को अप्रिलमा दुई देशका सेनाबीच पूर्वी लद्दाखमा भएको झडपमा भारतका २० सैनिकले ज्यान गुमाएका थिए। चीनतर्फ चार सैनिकको मृत्यु भएको थियो।

घटनापछि भारत र चीनबीच सीमा विवाद तनावपूर्ण छ। दुवैतर्फको सीमा क्षेत्रमा सैन्य तैनाथी बढाउँदै लगिएको छ। दुवैतर्फको सीमा क्षेत्रमा भौतिक पूर्वाधार निर्माण कार्य तथा सैन्य हतियार तथा उपकरणको संख्या थपिने क्रम चलिरहेको छ। लद्दाखको झडपपछि १६ चरणमा वार्ता भइसकेका छन् तर समस्या भने समाधान हुन सकेको छैन।

पुरानो घटनाको चोट कायम रहेकै बेला डिसेम्बर ९ मा फेरि अरुणाचलस्थित सीमा क्षेत्रमा सैन्य झडप भएको छ। झडपमा मानवीय क्षति नभए पनि भारतको आन्तरिक राजनीति भने तातिएको छ। सरकारले घटनालाई लुकाउन खोजेको भन्दै विपक्षी दलहरूले संसददेखि सडकसम्म आवाज बुलन्द पारेका छन्।

सीमा क्षेत्रको तनावबीच पनि सरकारले चीनसँगको व्यापारलाई निरन्तरता दिएको भन्दै विपक्षीहरूले प्रश्न उठाएका छन्। कंग्रेस, आम आदमी पार्टी (आप) सहितका विपक्षी दलले चिनियाँ सामानमाथि बढ्दै गएको निर्भरतालाई लिएर चिन्ता जाहेर गरेका छन्। आप संयोजक तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरिवालले चिनियाँ सामानको बहिष्कार गर्न सार्वजनिक आह्वान गरेका छन्। 'सीमामा सैनिक जवान चिनियाँ सेनासँग भिडिरहेका बेला सरकारले भने चीनसँग व्यापार बढाउँदै लगेको छ,' उनले प्रश्न उठाएका छन् 'किन केन्द्र सरकार र भाजपाले चीनसँगको व्यापार बढाउँदै लगेका छन् ?' उनले सैनिक जवानको ज्यान र देशको मान सम्मानसँग चिनियाँ सस्तो मूल्यका सामानको तुलना हुन नसक्ने बताएका छन्।

राज्यसभामा आपले सीमामा तनाव र व्यापारमा बढोत्तरीमाथि प्रश्न उठाउँदै यस विषयमा गम्भीर छलफलको माग गरेको छ। आप सांसद सञ्जय सिंहले सोमबार सबै बहस रोकेर राष्ट्रिय सुरक्षासँग जोडिएको सवालमा छलफलको लिखित माग नै गरेका छन्। उनले सरकारको अस्पष्ट नीतिका कारण २०२० को तुलनामा २०२१ मा ४३.३ प्रतिशतले चीनसँगको व्यापार बढ्दा त्यसले चीनलाई थप बलियो बनाउन भारतले योगदान पुऱ्याएको भनेका छन्। 'सरकारको यस्तो नीतिले चीनलाई थप बलियो बनाउने काम मात्रै गरेको छैन, राष्ट्रिय सुरक्षा एवं भारतीय सेनाको बलिदानमै ठेस पुऱ्याएको छ,' चीनसँगको बढ्दो व्यापारप्रति प्रश्न उठाउँदै उनले भनेका छन्- 'अन्य सबै विषयमाथिको छलफलका बन्द गर्न र राष्ट्रिय सुरक्षासँग जोडिएको यस गम्भीर विषयमा छलफल गराइनुपर्छ।'

कंग्रेस नेता राहुल गान्धी र पार्टी महासचिव जयराम रमेशले पनि चीनसँग व्यापार बढ्दै गएकोप्रति पटकपटक सरकारको आलोचना गर्दै आएका छन्। पछिल्लो दुई वर्षमा चीनबाट हुने आयातलाई रेकर्ड स्तरमा किन बढ्न दिएको ? भन्दै कंग्रेसले मोदी सरकारमाथि प्रश्न उठाइरहेको छ। सीमामा देखिएको समस्या र चीनसँग उत्पन्न चुनौतीका विषयमा संसद्मा सरकारले बहस नगराएकोप्रति कंग्रेससहितका विपक्षी दलहरूले सरकारलाई घेर्दै आएका छन्।

सीमामा तनाव भए पनि चीनसँग भारतको व्यापार भने लगातार बढेको छ। धेरै सामानका लागि चीनमाथि भारतको निर्भरता बढ्दै गएको आयातको तथ्यांकले देखाएको छ। वाणिज्य र उद्योगमन्त्री पीयूष गोयलले गत साता राज्यसभामा चीनसँग बढ्दै गएको व्यापार घाटालाई लिएर चिन्ता व्यक्त गरेका थिए। सदनलाई उनले दिएको जानकारीअनुसार चीनसँगको व्यापार घाटा बर्सेनि बढ्दै गएको छ। २०२०/२१ मा ४४.३३ अर्ब डलरको व्यापार घाटामा रहेको भारत लद्दाखमा भएको भिडन्तपछि थप व्यापार घाटाको स्थितिमा पुग्यो। गतवर्ष चीनसँगको व्यापार घाटा ७३.३१ अर्ब डलर पुग्यो।

सीमामा तनाव बढेकै वर्ष चीनसँगको द्विपक्षीय व्यापारमा ४३.३ प्रतिशतले वृद्धि हुन पुग्यो। एकातिर दुस्मनी र अर्कोतिर सस्तो सामानका लागि चीनमाथिको निर्भरताले भारत समस्यामा परेको छ। गतवर्ष सन् २०२१ मा चीनसँगको व्यापार १२५ अर्ब डलरको थियो। त्यसमा ९४.५७ अर्ब डलरको सामान भारतले चीनबाट आयात गरेको छ। जबकि २८.१ अर्ब डलरको सामान मात्रै निर्यात गर्न सफल भएको हो। त्यसभन्दा अघिल्लो वर्ष दुई देशबीच भएको ८६ अर्ब डलरको व्यापारमा ६५ अर्ब डलर आयातको मात्रै थियो। चालु आर्थिक वर्षको अक्टोबरसम्म ६९ अर्ब डलरको व्यापार चीनसँग भइसकेको छ। त्यसमा ८ अर्ब डलरको सामान मात्रै भारतबाट चीन गएको र बाँकी आयात भएको हो।

२०१४/१५ मा रहेको ४८ अर्ब डलरको व्यापार घाटा ७ वर्षमा बढेर ७३ अर्ब डलर पुगेको छ। मन्त्री गोयलले सदनलाई दिएको जानकारीअनुसार २००३/०४ मा चीनबाट हुने आयात ४.३४ अर्ब डलरको मात्रै थियो। त्यसको १० वर्षपछि २०१३/०१४ मा व्यापार बढेर ५१.०३ अर्ब डलर पुगेको थियो। सन् २०२१ मा व्यापार सय अर्बको सीमालाई नाघ्दै १२५ अर्ब डलर पुगेको छ। औषधि बनाउने कच्चा पदार्थदेखि इलेक्ट्रोनिक सामान, इलेक्ट्रिक मेसिनरी सामानको आयात भारतले चीनबाट गर्दै आएको छ। प्लास्टिकबाट निर्मित सामग्री, गार्मेन्ट, जुत्ता, चप्पल, खेलौना, अर्गानिक केमिकल, स्पेयर पार्ट्स, टेलिभिजन, मोबाइल, सवारीसाधनका पार्टपुर्जा, आइरन तथा स्टिल जस्ता सामानको आयात चीनबाट हुने गरेको छ। सदनमा बोल्दै मन्त्री गोयलले चीनको कम गुणस्तरका सामानले बजार भरिएको र त्यसले चीनमाथि देशको निर्भरता बढाउँदै लगेको उल्लेख गरेका थिए।

सरकारले दिएको उक्त तथ्यांकमाथि टेकेर विपक्षी दलहरूले अहिले सरकारमाथि नै प्रश्न तेर्साइरहेका छन्। विपक्षी दलले चीनसँगको सीमा तथा व्यापारको मुद्दामा सरकारले बहस गर्न नचाहेपछि सोमबार राज्यसभाको बैठक बहिष्कार गरे।

लोकसभामामा पनि विपक्षी दलले चीनसँगको विवादका विषयमा बहसको माग उठाए। कंग्रेस सांसद अधिर रञ्जन चौधरीले चीनसँग विकसित भइरहेको घटनाक्रमप्रति छलफल नचलाएर सरकार उदासीन व्यवहार गरिरहेको आरोप लगाएका थिए। अन्य विधेयकमाथि छलफलका लागि लोकसभामा उपस्थित रहेका विदेशमन्त्री एस.जयशंकरले चिनियाँ सेनालाई पछि हट्न बाध्य पारेको कामलाई उदासीन भनेकोप्रति आपत्ति जनाएका थिए। 'हामी भनिरहेका छौं, चीनसँगको सम्बन्ध सामान्य छैन, राजनीतिक रूपमा गरिने आलोचनाप्रति कुनै आपत्ति छैन। तर, प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सैनिक जवानमाथि कसैले क्रिटिसिजम गर्नु हुँदैन,' राहुल गान्धीले बोलेको शब्दलाई संकेत गर्दै उनले भने, 'हाम्रा जवान १३ हजार फिटको उचाइमा तैनाथ भएर सीमा रक्षा गरिरहेका छन्। उनीहरूका लागि पिटाइ शब्दको प्रयोग शोभनीय होइन।'

दुई दिन अगाडि कंग्रेस नेता गान्धीले एक पत्रकार सम्मेलनमा बोल्दै चीनले भारतविरुद्ध युद्धको तयारी गरिरहेको तर मोदी सरकारले त्यसलाई लुकाउन खोजिरहेको आरोप लगाएका थिए। 'चीनले भारतको २ हजार वर्ग किलोमिटर क्षेत्र नियन्त्रणमा लिएको छ। २० जना जवान सहिद भइसकेका छन्। अहिले अरुणाचलमा भारतीय सेना पिटिएका छन्,' उनले भने 'तर, यस विषयलाई सरकारले लुकाउने, नजरअन्दाज गर्ने कोसिस गरिरहेको छ।' गान्धीले बोलेको सेना 'पिटिएको' शब्दलाई भाजपाले सेनामाथिको अपमानका रूपमा व्याख्या गरिरहेका छन्।

अरूणाचल प्रदेशस्थित तवाङमा दुई देशका सेनाबीच झडप भएपछि भारतले सीमा क्षेत्रमा परिचालित सैनिकको संख्या हालसम्मकै उच्च बनाएको हो। भारतीय विदेशमन्त्री एस जयशंकरले चीनसँगको विवादित सीमा क्षेत्रमा परिचालित भारतीय सैनिकको संख्या बढाएर हालसम्मकै धेरै पुऱ्याइएको बताएका छन्। भारतले चीन एक्लैलाई 'सीमाको हालको यथास्थितिमा परिवर्तन ल्याउन नदिने' विदेशमन्त्री जयशंकरको भनाइ छ।

अरुणाचलस्थित सीमा क्षेत्र तवाङमा दुई देशका सैनिकबीच गतसाता भएको झडपपछि भारतीय विदेशमन्त्रीले सैन्य उपस्थिति बढाएको बताएका हुन्। 'हामीले चीनसँगको सीमा क्षेत्रमा अभूतपूर्व संख्यामा भारतीय सैनिकहरू परिचालित गरेका छौं,' जयशंकरले भनेका छन्, 'चिनियाँ उग्रताको प्रतिवाद गर्न यो निर्णय लिएका हौं।'

भारत र चीनका सेनाबीच गत डिसेम्बर ९ मा अरुणाचलस्थित सीमा क्षेत्रमा सैन्य झडप भएको हो। झडपमा केही भारतीय सैनिक घाइते भएका जनाइएको छ। मानवीय क्षति नभए पनि दुई देशबीच वर्षौंदेखि जारी तनाव थप चर्केको छ।

चिनियाँ सैनिकहरूले सीमामा अतिक्रमण सुरु गरेपछि प्रतिवाद गरिएको भारतीय पक्षको दाबी छ। घटनापछि चिनियाँ सेनाका वेस्टर्न थिएटर कमान्डका प्रवक्ताले भने अवैध रूपमा सीमा पार गरेका भारतीय सैनिक चिनियाँ सैनिकसामु आएपछि तनाव उत्पन्न भएको बताएका थिए। तवाङ घटनापछि चिनियाँ विदेश मन्त्रालयले झडप भएको सीमा क्षेत्र हाल शान्त रहेको र शान्ति कायम राख्ने विषयमा दुवै पक्षबीच छलफल चलिरहेको जनाएको छ।

घटनापछि भारत र चीनबीच सीमा विवाद तनावपूर्ण छ। दुवैतर्फको सीमा क्षेत्रमा सैन्य तैनाथी बढाउँदै लगिएको र सीमा क्षेत्रमा भौतिक पूर्वाधार निर्माण कार्य तथा सैन्य हतियार तथा उपकरणको संख्या थप गरिएको जनाइएको छ।

दुई देशका सैनिकहरूबीच गत वर्षको जनवरीमा पनि भुटाननजिकैको सीमा क्षेत्रमा झडप हुँदा केही सैनिक घाइते भएका थिए। गत वर्षकै सेप्टेम्बरमा पनि भारतीय सैनिकले सीमामा गोली चलाएको चीनले आरोप लगाएको थियो। दुई देशबीच सन् १९६२ मा सीमा विवादका कारण युद्ध भएको थियो। उक्त युद्धमा भारतले हार बेहोरेको थियो।

लद्दाखको झडपपछि १६ चरणमा वार्ता भइसकेका छन् तर समस्या भने समाधान हुन सकेको छैन। समस्या समाधान भइरहेका बेला गत साता पुनः दुई देशका सेना आमनेसामने भएपछि घटनाले भारतको आन्तरिक राजनीतिसमेत तातेको छ। भारतीय सञ्चारमाध्यमहरूका अनुसार भाजपा नेतृत्वको सरकारले घटनालाई लुकाउन खोजेको भन्दै विपक्षी दलहरूले सोमबार भारतीय संसद्का दुवै सदन अवरुद्ध पारेका छन्।

सीमाको अवस्थाबारे संसद्मा तत्काल छलफल गर्नुपर्ने माग अस्वीकृत भएपछि प्रतिपक्षी दलहरूले संसद् बहिष्कार गरेका हुन्। विपक्षी दल कंग्रेसका नेता राहुल गान्धीले चीनबाट हुन सक्ने खतरालाई सरकारले बेवास्ता गरेको आरोप लगाएका छन्। भारत र चीनबीचको विवादित सीमा क्षेत्रलाई एलएसी (लाइन अफ एक्चुअल कन्ट्रोल) भनिन्छ।

एलएसीमा सीमा विभाजन स्पष्ट नरहेका कारण दुवै देशका सैनिकबीच कतिपय अवस्थामा झडपको अवस्था उत्पन्न हुने गरेको छ। दुई देशबीचको ३ हजार ४ सय ८८ किलोमिटर लामो सीमा क्षेत्रमा विवाद भइरहनुको मुख्य कारण पनि सिमाना प्रस्ट नहुनु नै हो।

*(एजेन्सीहरूको सहयोगमा)*

विश्वकप

# विश्वकप २०२२ मा फिफा मालामाल, कुन राष्ट्रले कति नगद पाए ?



फिफा विश्वकप २०२२ को फाइनल खेल पुस ३ गते, आइतबार सकिएको छ। लुसेल स्टेडियममा भएको सो खेलमा अर्जेन्टिना र फ्रान्स उपाधिका लागि प्रतिस्पर्धा भएको हो। सो खेलमा अर्जेन्टिनाले फ्रान्सलाई पेनाल्टी शुटआउटमा ४-२ ले पराजित गरेको हो। जितसँगै लियोनल मेस्सीको विश्वकप जित्ने सपना पूरा भएको छ।

उपाधिसँगै विजयी राष्ट्रहरूले धेरै नगद पुरस्कार पनि पाएका छन्। फिफा र फुटबललाई विश्वको सबैभन्दा लोकप्रिय खेल मानिन्छ, त्यसैले सारा विश्वको नजर फिफा विश्वकप २०२२ मा थियो। विश्वकप ट्रफी जित्ने टोलीले उपाधिसँगै ठूलो नगद पुरस्कार प्राप्त गरेका छन्। फिफा विश्वकपको पुरस्कार राशि निकै धेरै छ र विजेता टोली मात्र होइन उपविजेता टोलीले पनि धेरै धनराशी प्राप्त गरेका छन्।

फिफाले विश्वकपमा कुल ४४० मिलियन डलर खर्च गरेको छ, जुन विभिन्न टोलीलाई पुरस्कारको रूपमा दिइएको छ। यसमा प्रत्येक टोलीको सहभागिताको शुल्क, खेल जित्ने, गोल शुल्क, र विजेता, उपविजेता र नकआउट खेलमा पुगेका टोलीहरूको रकम समावेश छ।

तेस्रोपटक विश्वकप जितेको अर्जेन्टिनाले सर्वाधिक ४२ मिलियन डलर नगद पुरस्कार पाएको छ। यो गत विश्वकपको विजेताले प्राप्त गरेको रकम भन्दा ४ मिलियन डलर बढी हो। सन् २०१८ को विश्वकप विजेता फ्रान्सले ३८ मिलियन डलर नगद पुरस्कार पाएको थियो। कतारमा भएको विश्वकपमा वितरित नगद पुरस्कार हालसम्मकै उच्च हो।

२०२२ को विश्वकप उपविजेता फ्रान्सले ३० मिलियन डलर प्राप्त गरेको छ। त्यसैगरी, मोरोक्कोलाई पराजित गरेर तेस्रो स्थान हासिल गरेको क्रोएशियाले २७ मिलियन डलर पाएको छ भने पहिलो पटक सेमिफाइनलमा पुगेको मोरोक्कोले २५ मिलियन डलर प्राप्त गरेको छ।

विश्वकपको क्वाटरफाइनलमा पुगेका हरेक राष्ट्रहरूले १७ मिलियन डलर प्राप्त गरेका छन्। सो नगद पुरस्कार पाउनेमा ब्राजिल, नेदरल्याण्ड, पोर्चुगल र इङ्गल्याण्ड रहेका छन्। विश्वकपको अन्तिम १६ मा पुगेका राष्ट्रहरूले भने १३ मिलियन डलर प्राप्त गरेका छन्। यस वर्ष अमेरिका, सेनेगल, अष्ट्रेलिया, पोल्याण्ड, स्पेन, जापान, स्वीजरल्याण्ड र दक्षिण कोरियाले अन्तिम १६ मा स्थान बनाएका थिए। यस बाहेक विश्वकपमा छनोट भएका बाँकी राष्ट्रहरू अर्थात कतार, इरान, मेक्सिको, साउदी अरेबिया, डेनमार्क, इक्वेडर, वेल्स, ट्युनेसिया, जर्मनी, क्यानडा, बेल्जियम, कोष्टारिका, सर्बिया, क्यामरुन, घाना र उरुग्वेले ९ मिलियन डलर प्राप्त गरेका छन्।

आइतबार भएको रोमाञ्चक फाइनल खेलमा फ्रान्सलाई हराउँदै अर्जेन्टिनाले ३६ वर्षपछि फिफा विश्वकप २०२२ को उपाधि जितेको छ। योसँगै कतार विश्वकपको समापन भएको छ। यस फाइनलपछि सोमबार एक रिपोर्ट बाहिर आएको छ, जसमा फिफाले कतार विश्वकपको राइट्स र टिकट बिक्रीबाट करिब ७.५ बिलियन डलर कमाएको बताइएको छ।

सीएनएन न्यूज १८ को रिपोर्ट अनुसार, फिफाले कतार विश्वकप-२०२२ बाट करिब ४.७ बिलियन डलर कुल राजस्वको अपेक्षा गरेको थियो। जबकि, फिफाले यस विश्वकपबाट सोचेभन्दा बढी आम्दानी गरेको छ। रिपोर्ट अनुसार, डिसेम्बर २०२० को अन्त्यसम्म, फिफाले लगभग ३.८ मिलियन डलरको व्यावसायिक कन्ट्र्याक्टमा हस्ताक्षर गरेको थियो, जुन २०२२ को कुल राजस्व बजेटको लगभग ८२ प्रतिशतको प्रतिनिधित्व गर्दछ।

## कतार विश्वकपबाट फिफाले कमायो ७.५ बिलियन डलर

कतार विश्वकप-२०२२ ले व्यावसायिक सम्झौताहरू मार्फत फिफालाई करिब ७.५ बिलियन डलर कमाएको छ, जुन सन् २०१८ मा रसियामा भएको अघिल्लो विश्वकपको तुलनामा १ बिलियन डलर बढी हो। फिफाले लागत बचत गर्न सम्पूर्ण प्रतियोगिता एकै ठाउँमा आयोजना गर्ने निर्णयको कारण पनि यस वर्षको फुटबल विश्वकपमा राजस्वमा वृद्धि भएको बताइएको छ। फिफाको यो निर्णयले अतिरिक्त पूर्वाधार र यात्रा खर्चको आवश्यकतालाई कम गरेको छ। दोहाको ५० किलोमिटर परिधिमा जम्मा ८ वटा रंगशाला थिए।

फिफा अधिकारीहरूले खेलका लागि थप ७ लाख डलर लगानी हुने अनुमान गरेका थिए। जसमा ३ लाख डलर आपतकालीन कोभिड-१९ कोषमा जानेछ। फिफाले आफ्नो अधिकांश आम्दानी पाँचवटा विभिन्न स्रोतबाट प्राप्त गर्छ, जसमा टेलिभिजन प्रसारण राइट्सको सबैभन्दा ठूलो योगदान हुन्छ। यसपछि मार्केटिङ राइट्स, हस्पिटालिटी राइट्स तथा टिकट बिक्री, लाइसेसिंग राइट्स र अन्य राजस्व स्रोतहरू छन्।

विश्वकप-२०२२ को कुल राजस्वमा सबैभन्दा धेरै ५६ प्रतिशत योगदान टिभि प्रसारण राइट्सको रहेको छ। त्यसपछि, मार्केटिङ राइट्सले राजस्वको २९ प्रतिशत योगदान गरेको छ। राजस्वको बाँकी १५ प्रतिशत अन्य अधिकारबाट प्राप्त भएको हो।

*(एजेन्सीको सहयोगमा)*

## मेसीलाई लगाइदिएको कालो पोसाकको विशेषता

२२औं संस्करणको विश्वकप फुटबल प्रतियोगिताको उपाधि उचाल्न स्टेजमा पुगेका विश्व च्याम्पियन अर्जेन्टिनी कप्तान लियोनल मेसीलाई कतारी राजा शेख तमिन विन अल थानीले कालो र सुनौलो रङको जालीदार पोसाक लगाइदिएका थिए। त्यो कालो र सुनौलो रङको पोसाक कस्तो किसिमको र किन मेसीलाई कतारी राजा थानीले लगाएको भन्ने जिज्ञासा उठिरहेको छ।

लुसेल रंगशालामा आयोजित ट्रफी वितरण समारोहमा मेसीले लगाएको पोसाक विशेष थियो। कतारमा विशेष अवसर र विशिष्ट व्यक्तिलाई सम्मान गर्नका लागि यस्तो किसिमको पोसाक उपहार वा लगाइदिने चलन रहेछ। समकालीन फुटबलकै महान् खेलाडी बनेका मेसीको यसै सफलतामा कतारी राजा थानीले अर्जेन्टिनी कप्तानलाई पोसाक लगाइदिएका हुन्। 'यस्तो किसिमको पोसाक एक विशेष समारोहका लागि बनाइन्छ, हामीले मेसीको सफलताको सम्मानस्वरूप भेट गराएका हौं,' विश्वकप फुटबलको आयोजक समितिका महासचिव हसन अलले भने, 'यसै समारोहबाट हामीले मुस्लिम राष्ट्रको संस्कृति पनि विश्वसामु चिनायौं।'

## एमबाप्पेलाई गोल्डेन बुट

फ्रान्सका फरवार्ड केलियन एमबाप्पेले सर्वाधिक गोलकर्ताले पाउने गोल्डेन बुट अवार्ड पाएका छन्। उनले विश्वकपको फाइनलमा ह्याट्रिकसहित प्रतियोगिताभरि ८ गोल गरेका थिए। उनले अर्जेन्टिनासँगको फाइनलमा २-० ले पछाडि परेको अवस्थामा गोल फर्काएर खेललाई थप रोमाञ्चक बनाएका थिए। ८०औं मिनेटमा पेनाल्टीमा पहिलो गोल गरेलगत्तै अर्को मिनेटमा गोल गरेपछि खेल बराबरीमा ल्याएका थिए। अतिरिक्त समयको अन्तिम मिनेटमा फेरि पछाडि परेको अवस्थामा ह्याट्रिक पूरा गर्दै खेल ३-३ को बराबरी ल्याएका थिए।



## फ्रान्सका बेन्जेमाको सन्यास

लन्डन। फ्रान्सका स्ट्राइकर करिम बेन्जेमाले अन्तर्राष्ट्रिय खेल जिवनबाट संन्यासको घोषणा गरेका छन्। कतार विश्वकअघिको अभ्यासका क्रममा चोट लागेपछि बेन्जेमा टोलीबाट बाहिरिएका थिए। फ्रान्स विश्वकप फुटबलको फाइनलमा अर्जेन्टिनासँग पेनाल्टी सुटआउटमा पराजित भएको भोलिपल्ट सामाजिक सञ्जालमार्फत बेन्जेमाले अन्तर्राष्ट्रिय खेल जीवनबाट संन्यास लिने निर्णयमा पुगेको जनाएका हुन।

स्पेनिस क्लब रियाल मड्रिडबाट व्यवसायिक फुटबल खेलिरहेका बेन्जेमाले सोमबार संन्यासको घोषणा गरेका हुन। यसै वर्ष बालोन डी अर जितेका बेन्जेमाले फ्रान्सका लागि ९७ खेलमा ३७ गोल गरेका छन। सन् २००७ मा अष्ट्रियाविरुद्धको खेलमार्फत अन्तर्राष्ट्रिय 'डेब्यु'गरेका बेन्जेमाले यही वर्ष क्रोएसियाविरुद्ध अन्तिम खेल खेलका थिए।

प्रेरक

## निडर शिवाजी



छत्रपति शिवाजीको जन्म भारतको पुणेस्थित शिवनेरी किल्लामा २९ फेब्रुअरी १६६० मा भएको थियो। शिवाजीको पूरा नाम शिवाजी राजे भोंसले थियो। मराठा साम्राज्यले उनलाई छत्रपति बनाएपछि उनलाई छत्रपति शिवाजी महाराजका रूपमा चिन्न थालियो। शिवाजी महाराजका पिताको नाम शाहजी भोंसले थियो। अनेकौं युद्ध लड्ने क्रममा उनी अधिकांश समय आफ्नो राज्य र दरबारभन्दा बाहिर हुन्थे। त्यसैले, उनलाई आफ्नो छोराको सौर्य र पराक्रमको बोध थिएन। एकपटक त्यस्तै एउटा अवसर जुर्‍यो र उनले शिवाजीलाई बीजापुरको सुल्तानको दरबारमा लिएर गए।

शाहजीले तीनपटक झुकेर सुल्तानलाई सलाम गरे र शिवाजीलाई पनि त्यस्तै गर्न लगाए। तर, शिवाजीले आफ्नो शिर झुकाउन मानेनन्। छोराले सुल्तानका अघिल्तिर शिर झुकाउन अस्वीकार गर्दा सुल्तान रिसाउने हुन् कि भन्ने डर शाहजीलाई हुनु स्वाभाविक थियो। उनले फेरि पनि शिवाजीलाई शिर झुकाएर सुल्तानलाई सलाम गर्न भने। तर, शिवाजीले कुनै पनि बैरी शासकका अघिल्तिर आफूले शिर नझुकाउने बताए। उनी शिर निहुर्‍याउन त तयार भएनन् नै साथै दरबारबाट बाहिरिंदा पनि शिर ठाडो पारेरै बाहिरिए।

यस्ता पराक्रमी शासककै बाहुबलीका भरमा भारतमा मराठा साम्राज्यले लामो समयसम्म शासन गर्‍यो। उनले मुगल साम्राज्यको औरंगजेबसँग लामो समय युद्ध गरे। उनले सन् १६७४ देखि १६८० सम्म मराठा साम्राज्यको नेतृत्व गरे। त्यसैले, शिवाजी महाराजलाई भारतभरि निकै सम्मानका साथ लिने गरिन्छ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ला। तर परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। तापनि चुनौतीभित्र अवसर खोज्ने समय छ। सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ। सामान्य कामकै लागि दौडधुप गर्नुपर्नेछ। व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। स्वास्थ्य कमजोर रहनेछ, आहारविहारमा सजग रहनुहोला।

### वृष

मिहिनेत गर्दा छोटो समयमा फाइदा उठाउन सकिनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ भने विशेष उपहारले काममा उत्साह जगाउनेछ। अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ। परिवारजनको साथले नयाँ कामतर्फ आकर्षित भइनेछ। तर आत्मीय सम्बन्ध बिग्रनाले दुःख पाइनेछ। वादविवादबाट टाढा रहनु बुद्धिमानी हुनेछ।

### मिथुन

समयमा वचन पुर्‍याउन नसक्ता अरूले आलोचना गर्न सक्छन्। हतारमा निर्णय लिने बानीले काम दोहोर्‍याउनुपर्ने हुन सक्छ। घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ। भोग-विलास र सुख-सुविधाका लागि केही खर्च बढ्न सक्छ। केही विवादास्पद जिम्मेवारी समेत वहन गर्नुपर्ला। अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ। हातमा आएको रकम तत्काल खर्च हुनेछ।

### कर्कट

चिताएको काम रोकिन सक्छ। कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ। अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ। स्वास्थ्य कमजोर रहनाले अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ। समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला। धैर्य एवं लगनशीलताले उपलब्धि दिलाउनेछ। व्यवसायमा फाइदा हुनेछ। सन्तानको साथले उत्साह जगाउनेछ।

### सिंह

निर्णय लिएर पनि परिस्थितिअनुसार चल्न नसक्ता पछि परिनेछ। मनोरञ्जनका लागि समय र धन खर्च हुन सक्छ। साझेदारीमा समस्या आउनाले सम्झौता भंग हुन सक्छ। बेसुरमा आश्वासन दिने बानीले पनि दुःख पाइनेछ। तत्काल योजना सार्वजनिक नगर्नुहोला। आफन्त रिसाउने तथा काम बिग्रने डरले सताउनेछ। दीर्घकालीन योजनामा निर्णय लिन हतार नगर्नुहोला।

### कन्या

नयाँ काम प्रारम्भ गर्ने समय छ। मिहिनेत गर्दा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ। लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ। पछिसम्म फाइदा हुने कामको जग बसाउने अवसर प्राप्त हुनेछ। पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ। प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन्।

### तुला

प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। बोली-व्यवहारमा अलि सजग रहनुपर्ला। हातबाट लक्ष्मी बाहिरिने सम्भावना देखिएकाले कर्जा र उधारो व्यापारमा चनाखो रहनुपर्नेछ। नियमित काममा साबिकजस्तै फाइदा भइरहनेछ। अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ। विवादास्पद कामको जिम्मेवारी आउनाले केही समस्यामा परिनेछ।

### वृश्चिक

नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। विगतका कमीकमजोरीलाई सुधार गर्ने मौका छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। सोचेको काम पूरा हुनेछ। मनमा उत्साह र खुसी बढ्नेछ।

### धनु

चिताएका काममा व्यवधान हुनेछ। आकस्मिक समस्याले खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ। खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला। समयमा शुभचिन्तकहरूलाई बेवास्ता गर्नाले पनि दुःख पाइनेछ।

### मकर

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ। थोरै लगानीबाट मनग्य नाफा उठाउन सकिनेछ। भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। आयस्रोत बढ्नेछन् र प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। कृषि तथा पशुपालनबाट लाभ हुनेछ।

### कुम्भ

कामको मेसो नमिल्दा पछि परिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्ला। समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला। सम्भावना देखिए पनि उपलब्धि हातपार्न बढी श्रम गर्नुपर्ला। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ला। अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ। लक्ष्यमा पुग्न समय लाग्नेछ। मेहनतको फल अरूलाई सुम्पनुपर्ने हुन सक्छ।

### मीन

परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ। अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला। आंशिक फाइदा भए पनि चिताएको काम पूरा गर्न समय लाग्नेछ। अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। समयअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ। केही बाध्यात्मक परिस्थितिले अलमल्याए पनि भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ। खर्च बढ्नेछ।

# अमेरिकामा डिभी राज्यको खोजी

काठमाडौं। अमेरिकामा डिभी नागरिकलाई विशिष्ट नागरिक मानिन्छ। अमेरिकी सरकारले चिठ्ठा र विज्ञापनबाट मागेर जाँचबुझ गरी बनाएका डिभी नागरिकहरूलाई अमेरिकाले विशेष स्वायत्त राज्य दिनुपर्नेछ। यसको लागि अमेरिकामा आप्रवासीहरू संघसंगठन र समूहहरू खडा भएका छन्। सामाजिक सेवा र समाज कल्याणका नाममा विदेशबाट अमेरिका लगिएका समूहगत शरणार्थीहरूले पनि छुट्टै राज्य माग गर्न सक्ने छन्। अमेरिकामा दोहोरो नागरिकता भएका व्यक्ति र परिवारहरू सम्बन्धमा अमेरिकी सरकारसँग खास सूचना छैन। यस्तै दोहोरो सम्पत्तिहरू र कर छली कार्यमा अमेरिकाका भ्रष्ट धनी, काला पुँजीपति र दलाल पुँजीपतिहरू लाखौं रहेको सर्वेक्षणले देखाएको छ।

संयुक्त राज्य अमेरिकालाई दक्षिणी अमेरिकी र ल्याटिन अमेरिकी देशहरूबाट पनि आर्थिक, सामाजिक संकट बढेको छ। एक देशको मात्र नागरिक र एक देशको मात्र सम्पत्ति उद्योग व्यापार व्यवसायलाई देशभक्त मानिन्छ। तर अमेरि ।कामा भविष्यमा डिभी नागरिक राज्यको माग र समूहमा भित्र्याइएका शरणार्थीहरूले आफ्नो राज्य भूमिको लागि अमेरिकामा क्रान्ति गर्न सक्ने अध्ययनले देखाएको छ।

अहिले अमेरिकामा सेनामा प्रहरी सरकारी सेवामा प्रवेश गरेका विदेशी नागरिकहरूले अमेरि ।की नागरिकता लिएर नोकरी सेवा छाड्ने गरेको अनुसन्धानले देखाएको छ। नागरिकता पाउने सेना कर्मचारीहरू अमेरिकाको लागि विदेशमा युद्ध लड्न जाने छैनन्। दुई तीन देशका नागरिक भएका र दुई चार देशमा सम्पत्ति भएका अमेरिकी नागरिकहरूको विवरण लिन अमेरिकी केन्द्रीय र राज्य सरकारहरू असफल छन्। समूहगत शरणार्थीहरूमा प्रवेश भएका र डिभी नागरिकहरूको दोहोरो नागरिकता र सम्पत्तिहरू सम्बन्धमा अमेरिकी आदिवासीले खोजी र छानबिनको आवाज उठाउँदैछन्। यस कारण आगामी ५० वजर्षमा अमेरिकी देश विखण्डन विभाजन भई आर्थिक, राजनीतिक, सामाजिक अराजकता र विद्रोहहरू हुन सक्ने अध्ययनले देखाएको छ। दक्षिण अमेरिकी राज्यहरू पनि अफ्रिकी महादेश सरह बन्न सक्ने राजनीति र आर्थिक विज्ञहरूको खोज र अनुसन्धान छ।

# मेलम्चीको पानी सडकमा



काठमाडौं। केयुकेएलले मेलम्चीको पानी व्यवस्थापन गर्न नसक्दा समस्या उपभोक्ताले उपभोग गर्नुपर्ने पानी सडकभरि चुहिएको छ। शुक्रबारदेखि काठमाडौंका विभिन्न सडक खण्डमा पाइप फुटेर सडकमा पानी निस्किने र जम्ने समस्या व्यापक छ। स्थानीय बासिन्दा, व्यापारी, सवारी चालक र पैदलयात्रु यसका कारण सास्ती ब्यहोर्नु परिरहेको छ।

मेलम्चीको पानी ठाउँअनुसार नयाँ र पुरानो दुवै लाइनबाट वितरण सुरु गरेपछि प्रणालीले थेग्न नसकेर समस्या देखिएको हो। पानी वितरण गर्नेदेखि वितरणलाइन र ढल प्रणालीको मर्मत, सुधार र व्यवस्थापन गर्ने जिम्मा पाएको काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल)मा न अधिकारसहितका व्यवस्थापक छन्, न पारित भएको वार्षिक बजेट तथा कार्यक्रम। यसले गर्दा संस्था नै 'प्यारालाइज्ड' अवस्थामा पुगेको अधिकारीहरूको गुनासो छ।

शुक्रबारदेखि मेलम्चीको पानी वितरण सुरु भएपछि पाइप फुटेर सडकमा पानी बग्ने समस्या देखिएको काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल)ले जनाएको छ। केयूकेएलका उपकार्यकारी अधिकृत ज्ञानेन्द्रबहादुर कार्की धेरै ठाउँमा समस्या देखिएकाले समाधानको प्रयास भइरहेको बताउँछन्। केयूकेएलका अनुसार अहिले कतिपय सडकमा पानीका भुल्काहरू देखिएका छन् भने कतै रसाइरहेका छन्। कतै सडकभरि पानी नै पानी छन् भने वर्षामा जस्तै पानी उछिट्याउँदै सवारी साधन हुँइकिइरहेका छन्।

केयूकेएलका कर्मचारी पुगेर पानी प्रभावित क्षेत्रको पानी बन्द गर्न समेत ढिलाइ भइरहेको छ। जमेको पानीका कारण सडक हिलो नै जमेको छ। मूल झैं फुटेर निस्केको पानी कतै नालै-नाला भएर ढलमा पुगेका छन्। मेलम्चीको पानी आएपछि काठमाडौंका विभिन्न भागमा पाइप फुटेर चुहिंदा कति प्रतिशत पानी चुहावट भएको छ भन्ने यकिन विवरण केयूकेएलसँग छैन। पानी चुहिएका स्थानमा तत्काललाई स्थानीय स्तरबाट भल्भ बन्द गरेर केयूकेएलले मर्मतको तयारी थालिएको बताएको छ।

सडकमा जताततै पाइप फुटेर पानी निस्किएपछि सडक विभागले पनि चिन्ता व्यक्त गरेको छ। मेलम्चीको पाइपलाइन र बिजुलीको तार बिछ्याउँदा बिग्रिएको सडक बल्ल-तल्ल ठीक हालतमा ल्याएको भन्दै विभागले सकड नबिग्रने गरी काम हुनुपर्ने बताएको छ। केयूकेएलका अनुसार मुख्यगरी पुराना भित्री शहरहरूमा पाइपलाइनबाट पानी चुहिने समस्या बढी देखिएको छ। कतिपय क्षेत्रका ढल प्रणालीमा पनि समस्या देखिएको छ।

पहिल्यैदेखि ढल फुट्ने समस्या भएका क्षेत्रका पाइपलाइनहरूमा पनि समस्या देखिएका छन्। ढलबाट निस्कने ग्याँसले खानेपानीको पाइपलाई कमजोर बनाएका कारण चुहावटको समस्या देखिने गरेको छ। केयूकेएलका उपकार्यकारी अधिकृत कार्की समस्याबारे जानकारी लिएर समाधान गर्न ३ वटा टोली बनाइएको बताउँछन्। कतिपय क्षेत्रमा लामो समयदेखि पानी नआएकाले हाउस कनेक्सनमा समस्या देखिएको छ। अहिले त्यस्ता क्षेत्रमा समस्या पहिचान गरेर समाधान गर्नुपर्ने केयूकेएलको भनाइ छ।

मेलम्चीबाहेक अन्य विकासे निकायले पनि सडकमा विभिन्न काम गर्दा पाइपलाइन र ढल प्रणालीमा क्षति पुर्‍याएकाले 'लिकेज' को समस्या बढी देखिएको छ। सडकमै समस्या देखिएको ठाउँमा केयूकेएलले सडक विभागको अनुमति लिएर मात्रै खन्न सक्छ। त्यसैले मर्मतको काम रातारात हुन गर्न गाह्रो केयूकेएलले जनाएको छ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Complaisant = खुसी पार्ने प्रवृत्ति She is very happy because she got a complaisant husband भनेको मान्ने लोग्ने पाएकोमा तिनी ज्यादै खुसी छिन्।

Dirge = दुःख पर्दा बज्ने संगीत Radio broadcasts the dirge on the sad demise of the head of the state राज्य प्रमुखको मृत्युमा रेडियो शोकपूर्ण संगीत बजाउँछ।

Esoteric = बुझ्न गाह्रो क्लिस्ट For esoteric poems he is very famous क्लिस्ट कविताका लागि ऊ ज्यादै प्रख्यात छ।

Futile = ब्यर्थको He made many attempts to solve the problem but all of them turned futile समस्या समाधान गर्ने उसले धेरै प्रयास गर्‍यो तर सबै ब्यर्थ भयो।

Grovel = घुँडा टेक्नु Although he was defeated, he did not grovel हारे तापनि उसले घुँडा टेकेन।

Husband = फारो गर्नु जतन गरी प्रयोग गर्नु Marathon runners must husband their energy otherwise they can not keep running for entire distance म्याराथुन धावकहरूले पुरै शक्तिको प्रयोग नगरी विस्तार विस्तार दौडनु पर्दछ अन्यथा पूरै दूरी पार गर्न सक्तैनन।

Inadvertently = थाहै नपाइकन She was afraid theat she might make many mistakes inadvertently थाहै नपाइकन धेरै त्रुटी गरेकी भनेर तिनी डराइन्।

Jocund = ठट्यौलो Everyone likes him because he is jocund उ ठट्यौलो भएको हुँदा सबैले मन पराउँछन्

Knead= मुछ्नु For making good clay pots one has to knead the clay very well राम्रा माटाका भाडा बनाउनका लागि माटो पनि राम्ररी मुछ्नु पर्दछ।

Lumen = चहकको मात्रा Power is measured in watts whereas the brightness in lumen शक्तिको मात्रा वाटमा नापिन्छ भने चम्किलो पना चहकताको मात्रामा।

## Carry बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Carry something of = थेग्नु This bridge has to carry a lot of traffic यो पुलले थुप्रै गाडीको भार थेग्नु पर्छ।

Carry into = भित्र गर्नु Russians are carrying war into Ukrain's territories रसियनहरूले युक्रेनी क्षेत्रमा युद्ध गरिरहेका छन्।

Carry somebody to = कसैलाई पुर्‍याउनु His ability will carry him to the top of his profession यसको क्षमताले उसलाई उसको पेसाको उच्चतम तहमा पुर्‍याउनेछ।

Carry by = ले अनुमोदन हुनु The parliament will carry this bill by big majority सदनले यो विधेयक अत्यधिक बहुमतले अनुमोदन गर्ने छ।

Carry somebody = तान्नु His influential speech will be enough to carry the audience दर्शकहरू तान्न उसको भाषण नै काफी हुन्छ।

Carry something of = प्रकाशित गर्नु Today's dailies will certainly carry full text of President's speech आजको अखबारले राष्ट्रपतिको भाषणको पूर्ण पाठ अवश्यै प्रकाशित गर्नेछ।

Carry something = पाउनु This shop doesnot carry cigaretts यो पसलमा चुरोट पाइँदैन।

Carry somebody away = जोसाउनु Watching football on Television does not carry me away टेलभिजनमा हेर्ने फुटबल खेलले मलाई जोस्याउँदैन।

Carry somebody back to = सम्झना दिलाउनु This song carries me back to my childhood यो गीतले मेरो वचपनको सम्झना गराउँछ।

### सुडोकु-अंक २८३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४ | | ९ | ८ | | | ७ | |
| | | २ | ७ | | | ३ | | |
| ८ | | | | | | | ९ | |
| | | | ३ | | | | | १ |
| ७ | ९ | | | | | | ६ | ५ |
| ६ | | | | | ७ | | | |
| | ५ | | | | | | | ४ |
| | | ६ | | | १ | २ | | |
| | ३ | | | ६ | ८ | | ५ | |

### अंक २८२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९ | ७ | २ | ६ | ८ | ४ | ३ | ५ |
| २ | ४ | ६ | ३ | ७ | ५ | ८ | ९ | १ |
| ८ | ३ | ५ | १ | ९ | ४ | ६ | ७ | २ |
| ७ | ५ | ९ | ६ | ४ | ३ | १ | २ | ८ |
| ३ | २ | १ | ८ | ५ | ९ | ७ | ४ | ६ |
| ६ | ८ | ४ | ७ | १ | २ | ३ | ५ | ९ |
| ९ | १ | २ | ४ | ८ | ७ | ५ | ६ | ३ |
| ५ | ७ | ८ | ९ | ३ | ६ | २ | १ | ४ |
| ४ | ६ | ३ | ५ | २ | १ | ९ | ८ | ७ |


## लिंग छनौट गरी गर्भपतन गर्नु अपराध हो

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो। त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरूत्साहित गरी चिकित्सा पेसालाई मर्यादित बनाऔं।
- हिंसारहित समाजको निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# WITH AN EYE TO THE DISTANT FUTURE OF THE COUNTRY








Kim Jong Un, President of the State Affairs of the Democratic People's Republic of Korea, is consistent in some points inhis leadership for the comprehensive development of socialism of his country.

First, he firmly maintains the principle offormulating lines and policies of the Party and government with an eye to the distant future of the country.

Second, he leads his people to create anything whatsoever in a flawless way so that they can be no inferior even by the standard of 50 years or 100 years ahead.

Once he said: As people plant a tree hoping that it would grow to be a giant tree in the future,we should carry on the revolution with an eye to the distant future; to struggle looking far into the distant future– this is the outlook on the revolution and the future revolutionaries must acquire.

Even though the current situation is difficult and trials and hardships crop up,he puts forward all linesand policiesand plans and pushes forward allundertakings carefully and in a prospective way looking far into the future,so as to ensure a sustained development of the state and a dignified life of the coming generations.

The policy of enforcing universal 12-year compulsory education is an example. Previously the DPRK enforceduniversal 11-year compulsory education inclusive of compulsory one-year preschool education. However, Kim Jong Un, looking into the distant future of the country,decided to introduce 12-year compulsory education for whichenormous national expenditure is required. Such a decision is impossible to be made without a responsible attitude towards the future when the country is under severe sanctions and blockade of the hostile forces and constant nuclear threat by the US.

His far-sightedness can be seen also through the Workers' Party of Korea's policy of supplying nutritious foods including dairy products to all the children across the country at state expense. What he said is so impressive: If the children who are born and grow up on this land are fed well and raised healthily in a good environment from their childhood, so much vibrant liveliness and vitality will overflow in our society after 20 or 30 years and the national power of our Republic will grow greater.

In economic construction headvocates the line of building an independent national economy which the country has consistently maintained sincethe early years of its founding so as to ensure itssustained development. On major occasions including the seventh and eighth congresses of the WPK andin his policy speeches at the sessions of the Supreme People's Assembly of the DPRK,he repeatedly stressedthe needto continuously uphold the banner of self-reliance and self-development in economic construction.

As a result, the country is forcefully pushing forward the work of turningits overall economic sectors including the metallurgical, chemical and electric power industries into independent ones which rely on the raw materials and fuel abundant in the country. The iron producing system suitable for the actual situation of the country has been further perfected technically, so that steel output is steadily increasing, and construction of a C1 chemical industry base is under way. All this leads to the consolidation of the foundations of the self-supporting economy. According to his line of ushering in a new era of rural rejuvenation, the country is vigorously conducting the work oftransforming the countryside into a more civilized and prospering socialist ideal land.

Kim Jong Un is working with devotion to guarantee the overall and eternalprosperity of the state. He guided several conferences, the first of their kinds in the history of the WPK, including the First Workshop for Chief Secretaries of City and County Committees of the Workers' Party of Korea and the Special Workshop for Officials in the Party Life Guidance Sections of Organizational Departments of Party Committees at All Levels of the Workers' Party of Korea, and attendedplenary meetings of the WPK Central Committee and sessions of the Supreme People's Assembly of the DPRK, presenting long-term platforms for the development of the Party and the state. In October this year he visited the Central Cadres Training School of the WPK, and gave a lecture,in which he advanced a long-term planfor Party building so that it can fulfil its mission and duty as an entity in charge of the destiny of the country and people.

He devotes ceaseless thinking and energy to ensuring that all the structures in the country are made perfect so that they can be no inferior even in the distant future. For example, he examined about 11 360 formation plans of Samjiyonso as to turn the city into a model mountain city,where national identity, modern character and the characteristic features of the northern alpine area are combined.

Under his energetic guidance many standard and model structures have recently sprung up in the country. Typical examples are the city of Samjiyon in Ryanggang Province;regional industry factories inKimhwa County,Kangwon Province, which are a standard of regional industry development;Ryonpho Greenhouse Farm, which set a new standard for greenhouse farms; and the Pothong Riverside Terraced Houses District, a new standard of housingconstruction, which suites the reality of Korea, a country with many mountains.

All these creations constitute vivid examples, which show the civilization the Korean people will enjoy in the near future, and solid foundations for the prosperity and development of the country.

### Mission of the Kim Il Sung-Kim Jong Il Foundation

The Mission of the Kim Il Sung-Kim Jong Il Foundation is to preserve the Kumsusan Palace of the Sun, where the great leaders lie in state, as the eternal supreme sanctuary of Juche and to raise funds for education, public health and environmenta protection, as well as for peace and progress of humankind true to the instructions of the great leaders who devoted their all to the well-being of the people.

### Women's Clothes Show-2022 Held in the DPRK

The Women's Clothes Show-2022 was heldin late October in Pyongyang, the capital city of the Democratic People's Republic of Korea, attracting attention of the women of the country.

About 540 units including garment producers and tailor's shops in the country exhibited seasonal clothes for women in their 30s or 40s.Also on display in the show were shoes, handbags, brooches, hairpins and caps, cosmetics favoured by womenand quality materials for clothes.

Many foreigners including diplomatic representatives of several countries and staff members of embassies in the DPRK also visited the show.











## ११ अर्ब...

बिक्री सुरु गरिएको थियो। त्यसपछि २७ जेठबाट ६ वटा जलविद्युत केन्द्रबाट उत्पादित विद्युतलाई स्रोत मानी दैनिक रुपमा ३६४ मेगावाट भारतीय बजारमा प्रतिश्पर्धी दरमा बिक्री गरिएको थियो। प्राधिकरणले गत १८ र ३० कात्तिकबाट थप दुई जलविद्युत केन्द्रबाट उत्पादित विद्युत निर्यात गर्न स्वीकृति पाएको थियो। योसँगै आठ जलविद्युत केन्द्रबाट उत्पादित विद्युतलाई स्रोत मानी भारतर्फ निर्यात हुने विद्युतको स्वीकृति क्षमता चार सय आठ मेगावाट रहेको छ।

प्राधिकरणले गत आर्थिक वर्ष २०७८/७९को जेठ तथा असारमा २९ करोड ९१ लाख युनिट विद्युत निर्यात गरी दुई अर्ब ८३ करोड ८८ लाख रुपैयाँ आम्दानी गरेको छ। चालू आव २०७९/८० को ३ पुससम्ममा एक अर्ब पाँच करोड ८६ लाख ३४ हजार युनिट विद्युत निर्यात गरी आठ अर्ब ३२ करोड ४२ लाख ४० हजार रुपैयाँ आर्जन गरिएको छ।

चिसो बढ्दा काठमाडौं उपत्यका लगायतको विद्युत माग बढेको तर खोलानालामा पानीको बहाब घट्दा नदी प्रवाहमा आधारित जलविद्युत केन्द्रहरूबाट उत्पादन कम भएसँगै विद्युत निर्यात बन्द भएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए।

कार्यकारी निर्देशक घिसिङले देशभित्रको उत्पादन घट्दा हिउँदयामका करिब चार महिनाको विद्युत माग धान्न भारतबाट विद्युत आयात गर्नु पर्ने वाध्यात्मक अवस्था रहेको उल्लेख गरे। घिसिङले वैशाख अन्तिम/जेठको पहिलो हप्ताबाबाट फेरि विद्यत निर्यात सुरु हुने बताए।

'देशभित्रको उत्पादन घट्दा आन्तरिक मागधान्न दैनिक रुपमा विद्युत आयात सुरु भएको छ, विद्युत आयात करिब ४ महिनासम्म रहने हाम्रो प्रक्षेपण छ, तर विद्युत आयात परिमाण निर्यात भन्दा कम हुनेछ', कार्यकारी निर्देशक घिसिङले भने, 'विगतका वर्षहरूमा विद्युत निर्यात परिमाण आयात भन्दा कम हुने गरेकोमा यस वर्षबाट निर्यात बढी र आयात कम हुने छ, विद्युत निर्यात र त्यसबाट प्राप्त हुने रकम दुवैमा हामी खुद निर्यातकर्ता बन्नेछौं।'

प्राधिकरणले आइएक्सको प्रतिश्पर्धी बजारमा विद्युत बिक्री र खरिद गर्दै आएको छ। 'आइएक्सबाट मात्र खरिद गर्ने या उत्पादकहरूसँग छोटो अवधिको विद्युत खरिद सम्झौता गरी आयात गर्ने भन्ने बारेमा छलफल भइरहेको छ',उनले उल्लेख गरे, 'यसका लागि बजार अध्ययन गरिरहेका छौं।'

आइएक्समा विद्युत खरिद बिक्रीका लागि २४ घण्टालाई १५/१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिश्पर्धी दरमा विद्युतको कारोबार गरिन्छ। त्यसैले हरेक ब्लकको मूल्य फरक-फरक हुने गरेको छ। प्राधिकरणले ३ पुससम्म निर्यात गरेको विद्युतको औसत दर प्रतियुनिट आठ रुपैयाँ २२ पैसा रहेको छ।

## महान...

थिए। चीनबाट साम्राज्यवादलाई लखेट्नु थियो, अर्कोतिर किसान र साना पुँजीपति वर्गलाई सामन्तवादको शोषण र थिचोमिचोबाट मुक्त गराउनु थियो। माओले क्रान्तिको बाटो आफैं तय गरे अनि त्यसलाई नौलो जनवादी क्रान्ति भने। यसको नेतृत्व मजदुरले गर्ने भए पनि किसानको सहभागिताबिना मुक्ति सम्भव नहुने भन्दै यसलाई दीर्घकालीन जनयुद्धको बाटो अपनाए। चिङकाइसान पर्वतलाई आधार इलाका बनाउँदै माओले किसान सामेल भएको जनमुक्ति सेना बनाए। जनमुक्ति सेनाकै बलमा उनले जापान विरोधी युद्धमा विजय हासिल गरे भने परम्परागत सामन्ती शासनको सिकञ्जाबाट चिनियाँ जनतालाई स्वतन्त्र गराए। सन् १९४९ मा चीनमा कम्युनिस्ट सत्ता स्थापना भयो।

माओले १९४९ देखि १९७७ सम्म अनवरत रुपमा चिनियाँ राजकीय सत्ताको नेतृत्व गरे। चीनमा समाजवादी समाज निर्माण गर्न उनले गरेका कामहरूलाई अहिले पनि चिनियाँ जनताले सम्झना गरिरहन्छन्। माओको नेतृत्वकालमा चीनले अभूतपूर्व रुपमा विकासको गतितिर फड्को मार्‍यो। चीनलाई विश्व जगतसँगै अघि बढाउनु अर्कोतिर चिनियाँ मजदुर र किसानको जीवनमा आधारभूत परिवर्तन ल्याउनु चानचुने कुरा थिएन। साम्राज्यवादीद्वारा थिलथिलो बनाइएको चीनलाई विकासको द्रुतगतिमा दौडाउन ड्राइभरको भूमिका निभाए माओले।

चीनले राष्ट्रसंघ सुरक्षा परिषद्को पुनः सदस्यता पायो। आफ्नै तागतमा चीन आणविक बम सम्पन्न भयो। देशव्यापी रुपमा भौतिक उन्नतिका पूर्वधारहरू तयार गरिए। आधारभूत स्वास्थ्य सेवा, शिक्षा सेवा, बालबालिका र महिला विकासको व्यापक विस्तार गरियो। मानव विकास सूचकांकमा चीनले अशोभनीय रुपमा फड्को मार्‍यो। १९७८ मा सुधारका कामहरू सुरु गर्नुअघि नै चीनले विश्वका आफूसरहका अरु देशलाई आधारभूत विषयमा निकै पछाडि पार्न अरु देशलाई आधारभूत विषयमा निकै पछाडि पार्न सफल भएको थियो। विश्वको सबभन्दा ठूलो जनसंख्या भएको र युगौंदेखि सामन्ती शोषणले आक्रान्त बनेको चीनलाई उद्योगधन्दा, कलकारखाना र कृषि लगायतका क्षेत्रमा स्वावलम्बी बनाउनु कम सकसपूर्ण काम थिएन। मजदुर सुरक्षाका निमित माओले लागू गरेको नीतिले उल्लेख्य उपलब्धि हासिल गर्‍यो।

माओले समाजवाद निर्माणमा हतारो गर्दा उनी अहिले पनि आलोचित बनेका छन्। यही क्रममा उनले सामूहिकीकरण अभियान र सांस्कृतिक क्रान्ति सुरु गरे जसले माओलाई विवादमा तान्यो। चाङचिङ लगायतको 'ग्याङ अफ फोर' को उद्दण्डताले चिनियाँ जनतालाई हैरान बनायो। यसमा माओले हस्तक्षेपकारी भूमिका खेल्न सकेनन्। सांस्कृतिक क्रान्तिले स्वतस्फूर्त जनसहभागितालाई गौण बनायो। आदेश र योजनाले प्राथमिकता पाए। पुँजीवादी विकसमा आधारभूत चरणलाई फड्को मारेर समाजवादतिर लम्किन हतार गर्दा र तालमेल नमिल्दा चिनियाँ समाज अन्यौलमा फस्यो। चीनमा अहिले पनि माओको योगदानलाई लिएर व्यापक बहस चलिरहेको छ। धेरै मानिसहरू उनलाई अझै सम्मान गर्छन्, उनको फोटोको पूजा नै गर्छन्। केही मानिसहरू सामूहिकीकरण अभियानका बेला किसान र जमिनदारमाथि मनोपोली ज्यादती गर्ने नाइकेका रुपमा उनलाई लिन्छन्।

सांस्कृतिक क्रान्तिका क्रममा नष्ट गरिएका चिनियाँ प्रचीन वैभवको जिम्मेवार माओलाई नै ठहर्‍याउँछन्। उनको चीनको निर्माणमा रहेको भूमिकालाई गौण बनाउने काम गर्छन्। चीनले लिएको सुधारको बाटोले चीनमा बढ्दो असमानता, असुरक्षा र भ्रष्टाचार बढाएकोमा एक थरी मान्छे भने चिन्तित छन्। उनीहरू समानतापूर्ण समाजको माओले देखाएको बाटो नै चीनले अवलम्बन गर्नुपर्ने धारणा राख्छन्।

सन् १९७६ मा माओको निधनपछि चीनलाई देङ सियाओ पिङ सुधारको बाटोतर्फ लान नेतृत्व गरे। चीनले अहिले जति उन्नति गरेको छ, त्यसको आधार भने माओकालीन चीनले गरेको उपलब्धि नै हो। चिनियाँ परिवेश अनुरुप माओले क्रान्तिको बाटो पहिल्याएर त्यसको सफल नेतृत्व गरे। हरेक देशको क्रान्ति र परिवर्तनको बाटो एउटै प्रकारको हुँदैन भन्ने माओको बुझाइ थियो। उनका उत्तराधिकरीहरूले पनि चिनियाँ समाजमा देखापरेको अन्तर्विरोध र विश्वमा भइरहेको फेरबदललाई सही ढंगले केलाए र आफू अनुकूल नीति निर्माण गरे। जसका कारण चीन आज विश्वकै ठूलो अर्थतन्त्र बन्न पुगेको छ। अति महाशक्ति राष्ट्र अमेरिकालाई अबका अढाई दशकपछि उछिन्दै विश्व अतिमहाशक्ति राष्ट्रको ताज पहिरिनेवाला छ। चन्द्रमादेखि मंगलग्रह चहार्दै चीनले अभूतपूर्व विज्ञानको विकासलाई संसारसामु प्रस्ट पारिसकेको छ। विश्वकै अग्लो टावर बनाउनेदेखि द्रुतगतिको रेल समेत चलाएर उसले चरम विकासको महारथ हासिल गरिसकेको छ।

माओले आफ्नो जीवनकालमा चीनमा समाजवाद निर्माणको मात्र नेतृत्व गरेनन्, विश्वमा भएका साम्यवादी क्रान्तिलाई भरपुर सहयोग गरे, वैचारिक नेतृत्व प्रदान गरे अनि साम्राज्यवादसँग टक्कर लिए। तेस्रो विश्वमा भइरहेका साम्राज्यवादविरोधी क्रान्तिका पक्षमा जोडदार आवाज उठाए।

माओको नेतृत्वले विश्वको शक्ति सन्तुलनमा निकै ठूलो परिवर्तन ल्यायो। विश्वमा श्रमजीवी जनतामा मुक्ति र स्वतन्त्रताको आशा जगाउन उनी सफल रहे। जनतालाई बलियो बनाउने, उनीहरूलाई राज्यको निकट बनाउने निर्णय प्रक्रियामा जनतालाई सामेल गरेर गोलबन्द गर्ने काम गरे उनले। माओ छँदै युरोपमा साम्यवादी आन्दोलन चर्किए, धेरै मुलुकहरूले क्रान्तिको कोर्स पूरा गरे। ल्याटिन अमेरिकी देशहरूमा पनि साम्राज्यवाद विरोधी आन्दोलन चर्किए। एसियाली मुलुकहरूमा पनि समाजवादी क्रान्तिको आरम्भ भयो। जे होस् माओको प्रेरणाले विश्वका श्रमजीवी जनता एकपटक साँच्ची नै मुक्तिका लागि जुर्मुराएका थिए। माओ २० औं शताब्दीका एक महान क्रान्तिकारी नेता थिए।

## देउवा...

प्रचण्डले सरकारको नेतृत्व पहिले आफूले गर्न पाउनुपर्ने अडान राखेपछि देउवा निकै तनावमा देखिएका छन्। तर देउवा यस्ता राजनीतिक खेलाडी हुन् कि जुनसुकै साम दाम दण्ड भेद अपनाएर भए पनि प्रचण्डलाई पछि पार्ने ल्याकत राख्छन्। फेरि नेपालमा प्रधानमन्त्री कसलाई बनाउने भन्ने नेपथ्यमा विदेशी शक्तिराष्ट्रहरूको चलखेलले महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्छ।

देउवा हिन्द अमेरिकी लबीका अहिलेका पहिलो रोजाइका पात्र हुन्। हुन त ओली, प्रचण्ड पनि यही लबीका नजिकका हुन् तर चुनावी परिणामले पनि अमेरिका, भारत र पश्चिमा अन्य शक्तिराष्ट्रहरूलाई देउवाका पक्षमा वकालत गर्न सहज भएको छ। किनकि जनादेश कांग्रेसको नेतृत्वमा सरकार बनोस् भनेर आएको छ। फेरि देउवाले एमसीसी र नागरिकता विधेयक पारित गरेर अमेरिकी–भारतीय चासोको सम्बोधन गरिसकेका छन्। यसमा प्रचण्डको पनि त्यत्तिकै सहयोग छ। त्यसैले इन्डोअमेरिकी शक्ति प्रचण्डलाई पनि चिढ्याउने पक्षमा छैन। आलोपालो प्रधानमन्त्री बनाउनेतर्फ नै बाह्य शक्तिकेन्द्रहरूको जोडबल रहनु अस्वाभाविक होइन। केवल को पहिले देउवा कि प्रचण्ड भन्ने बहस नै प्रधानमन्त्रीकपमा चलिरहेको छ।

देउवालाई पहिलो चरणमा प्रधानमन्त्री स्वीकार्न प्रचण्ड यदि बाध्य भएमा उनले राष्ट्रपतिका लागि बार्गेनिङ गर्ने निश्चित छ। अहिलेका उपराष्ट्रपति नन्दबहादुर पुनले पनि राष्ट्रपतिमा लालच देखाइरहेका छन्। तर माओवादीका तर्फबाट डा. बाबुराम भट्टराईलाई राष्ट्रपतिका दाबेदारका रुपमा हेरिएको छ। उनले गोर्खाको आफ्नो निर्वाचन क्षेत्र प्रचण्डलाई खालि नगरिदिएका भए प्रचण्डले चितवनमा चुनाव हार्ने रहेछन् भन्ने अहिले घामजत्तिकै छर्लङ भएको छ। कांग्रेसभित्र भने देउवालाई प्रधानमन्त्री र राष्ट्रपति दुवै नछोड्न दबाब बढिरहेको छ। माओवादीलाई राष्ट्रपति अन्तर्राष्ट्रिय जगतले स्वीकार गर्न नसक्ने भन्दै दुवै पद कांग्रेसले लिनुपर्ने नयाँ फन्डा सुरु भएको छ। कांग्रेसको यस्तो गतिविधिलाई नजिकबाट नियालिरहेका केपी ओलीले प्रचण्डलाई प्रधानमन्त्रीको ललीपप देखाइसकेका छन्। एकीकृत समाजवादीलाई बाहिरै राखेर एमाले माओवादी र अन्य दलको सरकार बनाउन ओली दूतका रुपमा सुवास नेम्बाङलेस प्रचण्डसामु प्रस्ताव राखिसकेका छन्। प्रचण्डलाई प्रधानमन्त्री र एमालेले राष्ट्रपति लिने भन्ने ओली प्रस्तावले कांग्रेसभित्र तरंग सिर्जना भएको छ। एमालेले सुवास नेम्बाङलाई राष्ट्रपतिमा अघि सारेको एमाले स्रोत बताउँछ।

यतिबेला प्रधानमन्त्रीकपका लागि देउवा, ओली र प्रचण्डको दौडधुप चलिरहेको छ। बाम समीकरण यदि बनेमा प्रचण्ड पहिलोपटक र ओली दोस्रो पटक प्रधानमन्त्री बन्न सक्छन्। तर वाम समीकरण बन्न नदिन इन्डो अमेरिकी र युरोपेली युनियन सक्रिय देखिएका छन्। यही कारण हाल वाम समीकरण बन्न नसक्ने राजनीतिक विश्लेषकहरू बताउँछन्। त्यसो त एमालेले सरकार बाहिर रहेर समर्थन गर्ने ठूलो पार्टीका नाताले कांग्रेसकै एकमना सरकार बनाउन पनि नयाँ प्रस्ताव अघि सारेको छ। बदलामा उसले राष्ट्रपति चाहेको देखिन्छ। तर पाँचदलीय गठबन्धन कायम नै राखेर आलोपालो सरकारको नेतृत्व गर्ने सहमतिले नै सरकार निर्माणको निकास निस्कने आँकलन गरिँदैछ।

## बीपी...

निवर्तमान रेक्टर डाक्टर गुरु खनाल लगायतका चिकित्सक र कर्मचारीले स्वागत गरेका थिए। नव नियुक्त रेक्टर शर्माले आफ्नो कार्यकालमा प्रतिष्ठानको शिक्षा र स्वास्थ्य क्षेत्रको सुधारमा व्यापक परिवर्तन गर्ने प्रतिवद्धता जनाएका छन्। उनले प्रतिष्ठानको सुधारका लागि यहाँ कार्यरत चिकित्सक र कर्मचारीलाई समेत सहयोग गर्न अनुरोध गरेका छन्।

प्रतिष्ठान बचाउन सबै एकजुट भए मात्र सम्भव हुने भन्दै शर्माले आफ्नो कार्यकालमा कुनै पनि नराम्रो नियम विपरितका काम नगर्ने बताए। शर्मा प्रतिष्ठानका कुशल र इमानदार चिकित्सकका रुपमा चिनिन्छन्।

प्रतिष्ठानको माइक्रो बायोलोजी विभागाका प्रमुख डाक्टर नारायण भट्टराईले शर्माको नियुक्तिले प्रतिष्ठान सुधारमा सहयोग पुग्ने बताए। उनले प्रतिष्ठानमा कार्यरतमध्य योग्य र इमान्दार छवी बनाएका शर्मालाइ रेक्टर नियुक्त गर्ने भन्दै स्वास्थ्यमन्त्री भवानी खापुङलाई धन्यवाद दिएका छन्।

## इम्बोस्ट...

महानिर्देशक डा टोकराज पाण्डेले बताए। इम्बोस्ड नम्बर प्लेट जडान गर्ने समयमा अनिवार्य रुपमा कर क्लियर भएको हुनुपर्ने विभागले जनाएको छ। इम्बोस्ड जडान गर्नुपर्ने विभागको निर्देशनले सरकारको राजस्व उठ्ने र इम्बोस्ड जडानको प्रक्रिया पनि सहज हुने महानिर्देशक डा पाण्डेको दाबी छ। उनका अनुसार सरकारी गाडीले फागुन मसान्तसम्म इम्बोस्ड जडान नगरेको पाइएमा रु दुई हजार जरिवानासहित इम्बोस्ड नम्बर जडान गर्न लगाइनेछ।

## आयोगले...

कार्यालयमा अलगअलग रूपमा प्रतिवेदन बुझाएको हो।

प्रतिवेदन बुझाउन प्रदेश १ मा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया, गण्डकी प्रदेशमा आयुक्त ईश्वरीप्रसाद पौड्याल, लुम्बिनी प्रदेशमा आयुक्त रामप्रसाद भण्डारी, सुदूरपश्चिम प्रदेशमा आयुक्त डा. जानकीकुमारी तुलाधर, मधेस प्रदेशमा आयुक्त सुगनशमशेर जबरा, बागमती प्रदेशमा सचिव गोकर्णमणि दुवाडी र कर्णाली प्रदेशमा सहसचिव यज्ञप्रसाद भट्टराईको नेतृत्वमा आयोगको टोली पुगेको थियो। ती टोलीबाट प्रदेशगत निर्वाचनको विवरण पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जानकारी दिए।

प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६२ मा आयोगले प्रदेशसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणामसहितको प्रतिवेदन निर्वाचनको नतिजा घोषणा भएको सात दिनभित्र प्रदेशप्रमुखसमक्ष पठाउनुपर्ने व्यवस्था छ। आयोगले गत मंसिर २९ गते राष्ट्रपतिसमक्ष समग्र निर्वाचनको प्रतिवेदन पेस गरेको थियो।

## विदेश...

बैंकले यस्तो आग्रह गरेको हो। आयात कम गर्न सरकार र राष्ट्र बैंकद्वारा अवलम्बन गरिएका नीतिगत व्यवस्थाले पछिल्ला महिनाहरूमा अर्थतन्त्रका बाह्य सूचकहरूमा क्रमिक सुधार आउन थालेको छ। यही समयमा हरेक महिनाजसो वैदेशिक अध्ययन शीर्षकमा ठूलो रकम बाहिरिएकाले त्यसलाई नियन्त्रण गर्नुपर्ने चुनौती थपिएको राष्ट्र बैंक स्रोतको भनाइ छ।

'एक साताअघि अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय र प्रधानमन्त्री कार्यालयका सचिवहरू उपस्थित संयुक्त बैठकमा राष्ट्र बैंकले यो विषय प्राथमिकताका साथ उठाएको थियो,' स्रोतले भन्यो।'

राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको पहिलो ४ महिनामा विदेशमा अध्ययन शीर्षकमा २२ अर्ब ६१ करोड रुपैयाँ बाहिरिएको छ। गत आवको यही अवधिको तुलनामा यो रकम १११ प्रतिशतले बढी हो। गत आवको साउनदेखि कात्तिकसम्म यो शीर्षकमा १० अर्ब ७० करोड रुपैयाँ मात्रै बाहिरिएको थियो। योबाहेक विदेशी सम्बन्धन प्राप्त कलेजहरूले हुन्डीलगायत अनौपचारिक माध्यममार्फत पनि विदेशमा पैसा पठाउने गरेका छन्। जसको तथ्यांक राष्ट्र बैंकसँगै छैन।

## भ्रष्टाचार...

सीमाभन्दा बाहिर गई गरेको, गाडी मर्मतमा नक्कली बिल भर्पाई बनाएर गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोप लगाउँदै छानबिनको माग गरेका छन्।

'निर्वाचन प्रयोजनका लागि गुणस्तरहीन मतपेटिका, डोरी, मतपत्र, स्वस्तिक छाप खरिद गरेको तर बिल भर्पाई भने गुणस्तरीय सामग्रीको देखाएर व्यापक अनियमितता गरेको हुँदा निर्वाचन आयोगका पदाधिकारी र कर्मचारीविरुद्ध विस्तृत छानबिन तथा अनुसन्धान गराई पाऊँ', उजुरीमा भनिएको छ।

## भारतीय...

स्थानीयले बताए। कैलाली जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक वेदप्रकाश जोशीले सीमा क्षेत्रमा दुई राउन्ड गोली चलेको बताए। गोलीका दुई खोका फेला परेको उनले बताए। गोली कसले कसमाथि चलाएको हो भन्ने नखुलेको उनको भनाइ छ। कसैलाई गोली लागेको अहिलेसम्म जानकारी प्राप्त भएको छैन।

राती पौने ३ बजेतिर ४-५ जनाको समूह वडा नं ९ जुगेडाका प्रजापति बिष्टको घरमा प्रवेश गरेको थियो। उक्त समूहमा रहेका युवाले भारतीय भाषा बोलिरहेका स्थानीयले बताएका छन्। उक्त समूहले घरको ढोका फोड्न खोज्दा थाह पाएर बाहिर निस्केका बिष्टमाथि उनीहरूले हातपात गरेका थिए। बिष्ट घाइते भएका छन्। उक्त समूह चोरी गर्न आएको प्रहरीको भनाइ छ। सीमापारि भारतबाट उक्त समूह घरमै आएर कुटपिट गरेको स्थानीयले बताए।

बिष्टको घरमा आएको समूह त्यहाँबाट गएपछि सीमा क्षेत्रमा गोली चलेको आवाज सुनिएको स्थानीयले बताए। सीमा क्षेत्रमा गोली चलेको विषयमा अनुसन्धान भइरहेको प्रहरीले बताएको छ। तस्करहरूको सक्रियताले जुगेडाको सीमानाका जोखिमपूर्ण मानिने स्थानीय बताउँछन्। दुई वर्षअघि प्रहरी सहायक निरीक्षक र एकजना जवान गरी दुईजनाको हत्या गरेर नदीको बीचमा गाडिएको यो नाकामा तस्करी नरोकिएको स्थानीयको भनाइ छ।

कैलालीमा असुरक्षा बढ्दै गएकोमा स्थानीय चिन्तित बनेका छन्। आइतबार साँझ कैलालीको अत्तरियामा सुन व्यवसायीमाथि गोली प्रहार गरिएको थियो। गोली प्रहार गर्नेको अझै पत्तो लाग्न सकेको छैन। अत्तरियाको पूर्वरोड सशस्त्र प्रहरीको वाहिनीनजिकै सुन व्यवसायी विकास सुनारमाथि गोली प्रहार गरेर उनीसँग रहेको सुन र नगद लुटेर लगेका थिए।

## लामिछाने...

सर्वोच्चको यो आदेशसँगै लामिछानेलाई प्रतिनिधिसभा सदस्यको पद तथा गोपनीयताको शपथ लिन बाटो खुलेको छ। यो आदेश अन्तिम भने होइन। संवैधानिक इजलासले अन्तरिम आदेश जारी गर्ने नगर्ने विषयमा दुवै पक्षलाई छलफलका लागि बोलाएको छ। चितवन २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित लामिछानेको पद खारेजीको माग गर्दै रिट निवेदन दर्ता भएको थियो। सर्वोच्चमा लामिछानेविरुद्ध दुईवटा रिट निवेदन दर्ता छन्। लामिछानेविरुद्ध युवराज घिमिरे 'सफल' र अधिवक्ता रविराज बर्तौलाले छुट्टाछुट्टै रिट दर्ता गरेका हुन्। दुवै रिटमा लामिछानेलाई प्रतिनिधिसभा सदस्य र पार्टीको सभापतिबाट हटाउन माग गरिएको छ।

लामिछानेको नागरिकताको विषयमा प्रश्न उठाउँदै रिट निवेदकले यस्तो माग गरेका हुन्। लामिछानेले २०५० सालमा नेपाली नागरिकताको प्रमाणपत्र लिएका थिए। त्यसपछि उनी नागरिकता त्यागेर अमेरिका गए। उनले अमेरिकाबाट फर्केर नेपाल आएपछि नयाँ नागरिकता लिनुपर्नेमा पुरानैलाई कायम राख्नु गैरकानुनी भएको रिट निवेदकको दाबी छ। पुरानै नेपाली नागरिकताका आधारमा निर्वाचन आयोगले लामिछानेलाई नयाँ दल खोल्न र निर्वाचनमा उम्मेदवार बन्ने अनुमति दिएको थियो।

## छुट्ने...

कैदमा राखिराख्नु बन्दीको मानवअधिकार मापदण्ड, संविधान तथा कानुन प्रदत्त अधिकार अनुकूल नदेखिएको' भनेको छ। शोभराजको 'उमेर ७५ वर्ष भइसकेको तथा उनी मुटुसम्बन्धी रोगबाट पीडित भई उपचारको अवस्थामा रहेको तथा तोकिएको कैदमध्ये ७५ प्रतिशत (१९ वर्ष) कैद सजाय भोगिसकेको देखिएको' आदेशमा उल्लेख छ।

"अन्य मुद्दामा थुनामा राख्नु नपर्ने भए निजलाई आजै कैदबाट छाडिदिन तथा यो आदेश भएको १५ दिनभित्र देश फर्काउन यो आदेश जारी गरिएको छ,' सर्वोच्चको आदेशमा भनिएको छ, 'सम्बन्धित जिल्ला अदालतमार्फत कारागार कार्यालय जगन्नाथ देवल काठमाडौंमा छिटो साधनद्वारा आदेशको जानकारी पठाइदिनू।'

यसैगरी, 'ओछ्यान पर्ने रोग लागेका कैदीबन्दीका हकमा समेत कैद छुट हुने कानुनी प्रावधान रहेको र शोभराज गम्भीर प्रकृतिको मुटुको रोगी रहेको र ओपन हर्ट सर्जरी गर्नुपर्ने बिरामी रहेको' फैसलामा उल्लेख छ।

शोभराजलाई तीन विदेशी नागरिकको हत्या अभियोग पुष्टिसँगै कारागार चलान गरिएको थियो। सर्वोच्च अदालतको २ असोज २०६० को फैसलाले उनलाई जन्मकैद सजाय सुनाएको थियो। त्यसयता उनी कारागारमा छन्। त्यसपछि शोभराजले 'हेनरिकस बिन्ताजाको लरेन्ट आरमन्डको हत्या अभियोग' पुष्टि गर्दै २०६१ साउनमा काठमाडौं जिल्ला अदालतले जन्मकैद सजाय सुनाएको थियो। शोभराजलाई '६ पुस २०३२ मा क्यानेडियन नागरिक लोरेन्ट क्यारियरको हत्या गरेर शव टुक्रा पारी भक्तपुर मनोहरा खोलामा फालेको' अभियोगमा जन्मकैद सजाय सुनाइएको थियो।

## फास्ट ट्र्याक...

लागि बैंक ग्यारेन्टी प्रस्तुत गर्न पनि भनेको थियो। सर्वोच्चको आदेशसँगै अब यो रोक लागेको छ। सर्वोच्चले मुद्दाको पेसी शुक्रबारलाई तोकेको छ।

छैटौं प्याकेजमा सुरुमा प्राविधिक प्रस्ताव अस्वीकृत भएको चिनियाँ कम्पनीलाई योग्य ठहर गर्ने सार्वजनिक खरिद पुनरावलोकन समितिको निर्णयको विपक्षमा अन्तरिम आदेश माग गर्दै अधिवक्ता सुजन रिजालले गत ८ मंसिरमा रिट दायर गरेका थिए। यो मुद्दामा किनारा लागेको छैन।

सुरुमा ठेक्का प्रक्रियामा सेनाले अस्वीकृत गरेको चिनियाँ कम्पनीले सार्वजनिक खरिद पुनरावलोकन समितिमा पुनरावेदनका लागि निवेदन दिएको थियो । त्यसमाथि सुनुवाइ गर्दै समितिका अध्यक्ष मोहनकृष्ण सापकोटा र सदस्यहरू महेन्द्रबहादुर गुरुङ र वासुदेव शर्मा पौडेलको अर्धन्यायिक इजलासले २५ असोजमा चिनियाँ कम्पनीलाई ठेक्का प्रक्रियामा सहभागी गराउन सेनालाई निर्देशन दिएको थियो। त्यहीअनुसार सेनाले ठेक्का प्रक्रियामा सामेल मात्र गराएन, त्यही चिनियाँ कम्पनीलाई ठेक्कामा छनोट गरेको छ।

सर्वोच्चमा परेको रिट विचाराधीन रहेकै अवस्थामा सेनाले चिनियाँ कम्पनीसँग ठेक्का सम्झौताका लागि चिठी लेख्नुलाई अस्वाभाविक मानिएको थियो। सर्वोच्चले मुद्दाको किनारा नलागुन्जेल सम्झौताका लागि बोलाउने सेनाको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ।

# नेपथ्यका यी खेलाडीपात्र

काठमाडौं। नेपालको आन्तरिक राजनीतिमा विशेषतः भारतको सदैव हस्तक्षेपकारी भूमिका रहँदै आएको छ। राजा त्रिभुवनको पालमा उनका स्वकीय सचिव समेत भारतीय नै थिए। त्यसबेला मन्त्रिपरिषद्को बैठकमा समेत भारतीय राजदूतको उपस्थिति हुने गर्थ्यो। राजा महेन्द्रले भारतीय हस्तक्षेपलाई विस्तारै निस्तेज बनाउँदै लगे। सायद त्यसैले उनलाई 'राष्ट्रवादी राजा' भनिएको हुन सक्छ। तर उनले सन् १९६५ मा यदुनाथ खनाललाई सुटुक्क दिल्ली पठाएर पञ्चायत टिकाउन भारतसँग जुन सैनिक सन्धि गर्न लगाए, त्यसले उनको राष्ट्रवादी छविलाई धूमिल गरायो।

संविधान निर्माणमा होस् या सरकार निर्माण र ढाल्नमा विदेशी हस्तक्षेपले भूमिका खेल्ने गरेको नियति नेपालले भोग्दै आएको छ। बाह्य हस्तक्षेपले जनादेशको समेत खिल्ली उडाउने गरेको छ। नेपाली कांग्रेसलाई सरकार बनाउने ताजा जनादेश निर्वाचनले दिएको छ तर तेस्रो पोजिसनको माओवादी केन्द्र सरकारको नेतृत्वका लागि हारगुहार गरिरहेको छ। भारतलाई देखाएर यहाँको राजनीतिमा उथलपुथल ल्याउने हैसियत समेत कतिले बनाएका छन्। पहिले अमरेशकुमार सिंह यस्तै पात्रका रुपमा चिनिन्थे भने अहिले नयाँ पात्र उमाकान्त गिरी देखापरेका छन्।

जुनसुकै भारतीय राजदूत आए पनि उनको परिवारलाई लैनचौरमा डिनर मिल्छ। अवकाश प्राप्त भारतीय जनरल अशोक मेहता र भुटान हेर्ने रअका सुव्रतदाससँग विशेष सम्बन्ध रहेको बताउने उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमण आउँदा होटल द्वारिकामा भेटेपछि उनी चर्चामा आएका थिए। कतिपय राजनीतिक दलका नेताहरू उनलाई भेट्न उनको निजी निवास गौशाला जानुले पनि उनको सामर्थ्यलाई बताउँछ। न्यायालय शुद्धिकरणको न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदनमा समेत उनको नाम रहनुले न्यायालयभित्र समेत विचौलिया हावी हुने गरेको देखिन्छ। जयबहादुर चन्द र नवराज सिलवालले आईजी बन्न कसरत गरिरहँदा भारतीय दुतावासमार्फत चलखेल गरेर प्रकाश अर्याललाई आईजी बनाएको चर्चा प्रहरी वृत्तमा अझै चल्ने गरेको छ। यतिसम्म कि कसलाई कमाउ ठाउँमा पुर्‍याउने कसलाई अख्तियार लगाउनेसम्मको खेल खेल्न उनी माहिर मानिन्छन्। नपत्याउने खोलाले बगाउँछ भनेजस्तै उनको हुलिया देख्नेले भने यी सबै वास्तविकता मिथ्या ठान्छन्।